# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २५ | काठमाडौं | शुक्रबार, ०४ जेठ २०८१ | Prabhab National Daily | Friday, May 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बालबालिकाप्रति असल व्यवहार गरौं**

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनिहरूको कुरा ध्यान दिएर सुनौं,
- उनीहरूलाईको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरूलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरूको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### सुदूरपश्चिममा लत्रियो एमाले

## सोडारीलाई विश्वासको मत दिन बाध्य



**काठमाडौं–** लामो आनाकानीपछि सुदूरपश्चिमका मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई एमालेले विश्वासको मत दिएका छन् । एमालेले साथ दिएसँगै सोडारीले विश्वासको मत पाएका छन् ।

बिहीबार बसेको प्रदेशसभाको दोस्रो बैठकमा मुख्यमन्त्री सोडारीले विश्वासका मतका लागि पेस गरेको प्रस्तावका पक्षमा २८ मत परेको हो । ५३ सदस्यीय प्रदेशसभामा २७ जना सांसद भए बहुमत पुग्छ । मतगणनापछि सभामुख भीमबहादुर भण्डारीले तत्काल उपस्थित कायम रहेको सदस्य संख्याको बहुमत पुगेको घोषणा गरेका थिए । सोडारी नेकपा (एमाले)को ११, नेकपा (माओवादी केन्द्र) १०, एकीकृत समाजवादीका ४, नागरिक उन्मुक्ति पार्टीका दुई सदस्य, स्वतन्त्र सदस्य डा तारा जोशीको समर्थनमा गत वैशाख ६ गते सोडारी मुख्यमन्त्री नियुक्त भएका हुन् ।

प्रतिपक्षी दल नेपाली कांग्रेस, नागरिक उन्मुक्ति पार्टीका पाँच सदस्यसहितले भने वेल घेराउ र नाराबाजी गरेका थिए । एकीकृत समाजवादीका तर्फबाट मुख्यमन्त्री बनेका सोडारीलाई मुख्यमन्त्री बनाउँदासमेत एमालेले आनाकानी गरेको थियो । पछि विश्वासको मतका लागि डाकेको बैठक पनि एमालेकै कारण पटकपटक अवरुद्ध भएको थियो । १८ सिट रहेको कांग्रेसले विश्वासको मत दिने तयारीपछि एमाले झुकेको एकीकृत समाजवादीकै नेताहरू बताउँछन् ।

दोस्रो बैठक सुरु हुनासाथ प्रतिपक्षी दलका सदस्यले वेल घेराउ गरी नाराबाजी गरिरहँदा सभामुख भीमबहादुर भण्डारीको अनुमतिमा मुख्यमन्त्री सोडारीले विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गरेका थिए । नाराबाजीका बीच सभामुखले मतविभाजको प्रक्रियाद्वारा मुख्यमन्त्रीले पेश गरेको प्रस्तावलाई बैठकमा निर्णयार्थ पेस गरेका थिए ।

प्रतिपक्षी नेपाली कांग्रेस, नागरिक उन्मुक्तिका पाँच र राप्रपाका एक सदस्यले मतदान प्रक्रिया बहिस्कार गरेका थिए । प्रदेशसभाबाट विश्वासको मतपाएपछि बैठक कक्ष बाहिर मुख्यमन्त्री सोडारीले एक-दुई दिनभित्र सरकारले पूर्णता पाउन बताए ।

नागरिक उन्मुक्ति दुईतिर

सुदूरपश्चिम प्रदेशमा नागरिक उन्मुक्ति भने सत्तापक्ष र प्रतिपक्ष दुबैतिर उभिएको छ । प्रदेशसभाको पहिलो बैठक प्रारम्भ हुनासाथ प्रतिपक्षी दलका सदस्यले आफ्नो ठाउँबाट उठेर विरोध गर्दा प्रतिपक्षी नागरिक उन्मुक्ति पार्टीका घनश्याम चौधरीले सरकार गठनको प्रक्रियामा प्रश्न उठाएका थिए ।

प्रदेशसभा बैठकमा नागरिक उन्मुक्तिका पाँच सदस्य प्रतिपक्षी बेञ्चमा र दुई सदस्य सत्तापक्षीय बेञ्चमा बसेका थिए । सत्तापक्षीय बेञ्चमा बस्नेमा नागरिक उन्मुक्ति पार्टीको तर्फबाट भौतिक पूर्वाधार विकास मन्त्री कैलाश चौधरी र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री टीका थापा छन् । यसअघि कांग्रेसको समर्थनमा मुख्यमन्त्री दाबी गरेका लक्ष्मणकिशोर चौधरीसहित पाँच जना प्रतिपक्षमा छन् । रेशमलाल चौधरी र रञ्जिता श्रेष्ठको कलहका कारण नागरिक उन्मुक्तिले यहाँ सत्ताको नेतृत्वको गुमाएको हो ।

### कैलाश र टीकालाई कारबाही

सोडारीलाई विश्वासको मत दिएका कैलाश चौधरी र टीका थापा घनश्याम पक्षधरले कारबाही गर्ने निर्णय गरेको छ ।

(क्रमश: पृष्ठ २ मा)

# संसदीय छानबिन समितिको मागले सदनमा रडाको

सम्माननीय सभामुख एउटा पार्टीको नेताको आदेशपालकको रूपमा यसरी रहने कुरा हाम्रा लागि दुखको विषय हो, यसरी निरन्तर रूपमा जाँदैन भन्ने अपेक्षा गर्छौं र उहाँको भूमिका जिम्मेवारीपूर्ण रूपमा निर्वाह गर्न सचेत गराउँछौं

**गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**

समिति बन्दैन अब, अघि हामीले दुई सर्त मान्दिनू हामी समिति बनाउन तयार छौं भनेर गएको हो । अब समिति बन्दैन । समिति त्यो बेलामा मात्रै बन्छ, नेपाली कांग्रेसका पदाधिकारीको सबै फाइल खोल्न तयार हुन्छ

**मनिष झा**
**सहप्रवक्ता, रास्वपा**



**जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले बिहीबार बैठकको कारबाही प्रारम्भ गरेलगत्तै कांग्रेस सांसदहरू जर्‍याकजुरुक उठेर वेल घेराउ गर्न पुगे । उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने मुछिएको सहकारीको बचत अपचलनबारे छानबिन गर्न सरकारले संसदीय समिति गठन नगरेपछि कांग्रेस सांसदहरूले संसद अवरोध गरेका हुन् ।

उनीहरूले 'सहकारीपीडितलाई न्याय दे, सहकारी ठगलाई कारबाही गर,' भन्दै चर्का नारावाजी गरे । लामिछानेलाई छानबिनको दायरामा ल्याउन 'संसदीय समिति गठन गर' भन्दै माग गरे । कांग्रेसको अवरोधपछि सभामुखले संसदको कारबाही अघि बढाउन सहयोगका लागि आग्रह गरे । 'माननीय सदस्यहरू हाम्रो संसदको कामकारबाहीहरू धेरै थाती राखेका छन् । खासगरी हाम्रो राष्ट्रपतिबाट प्राप्त पत्रहरू हामीले जानकारी राख्नुपर्ने सुन्नुपर्ने स्थिति छ', सभामुख घिमिरेले भने, 'अस्ति १ गते राष्ट्रपतिबाट भएको सम्बोधनलाई धन्यवाद ज्ञापन गर्नुपर्ने छ ।'

कांग्रेस सांसदहरू भने नाराबाजी गरिरहे । त्यसबीच सभामुख घिमिरेले फेरि कांग्रेस सांसदहरूलाई भने, 'अध्यादेशबाट आएको कानुनलाई हामीले यहाँ टेबल गर्नुछ । यसभन्दा अगाडि नै गर्नैपर्ने कामहरू बाँकी रहेका छन् । त्यसैले माननीयज्यूहरू आशनग्रहण गर्नुहोस् र हामीले गर्नैपर्ने कामकारबाहीका लागि साथ दिन माननीयहरूलाई अनुरोध गर्दछु ।'

तर, कांग्रेस सांसदहरूले झन् चर्कागरी नाराबाजी गरे । सहकारी प्रकरणको छानबिन गर्न संसदीय समिति जसरी पनि गठन गर्नुपर्ने माग गरिरहे । राप्रपा र लोसपाका सांसदहरू पनि उठेर विरोध गरे । सभामुख घिमिरले भने राष्ट्रपति रामचन्द्र पौडेलबाट खाद्य सुरक्षा तथा गुणस्तर स्वच्छतासम्बन्धी विधेयक प्रमाणीकरण गरेको सम्बन्धी पत्र वाचन गरे । राष्ट्रपति कार्यालयबाटै प्राप्त मन्त्रिपरिषद् पुनर्गठनबारे पत्र पनि वाचन गरे । कांग्रेसको नाराबाजी रोकिएन । कांग्रेस सांसदहरूले अवरोध गरिरहे । कांग्रेसको अवरोधबीच सभामुख घिमिरेले भने उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई बोल्न समय दिए ।

(क्रमश: पृष्ठ २ मा)

## यस्तो थियो कांग्रेस–रास्वपा प्रस्ताव

संसद बैठकअघि प्रमुख विपक्षी नेपाली कांग्रेस र अन्य विपक्षी दलले गृहमन्त्री रवि लामिछानेसमेत सहकारी ठगी प्रकरणमा जोडिएको भन्दै संसदीय छानबिन समिति गठनको माग गरेका थिए । त्यसक्रममा छानबिन समितिले गर्नुपर्ने तीन बुँदे प्रस्ताव नै कांग्रेससहितका विपक्षी दलहरूले अघि सारेका थिए ।

सहकारी संस्थाहरूमा देखिएको संकटको समाधानार्थ सिफारिस गर्न र सहकारी बचतकर्ताहरूको रकम हिनामिना, दुरूपयोग, अपचलन र ठगी सम्बन्धमा मौजुदा कानुनी र संस्थागत प्रयोजनको तथ्यगत विश्लेषण गर्दै संकटग्रस्त सहकारीका वचतकर्ताको बचत रकमको सुरक्षा गर्न र जोखिममा रहेको तथा डुबेको बचत अविलम्ब फिर्ता गर्न आवश्यक उपायसहित सुझाव दिन छानबिन समिति चाहिने प्रस्ताव गरेका थिए ।

(क्रमश: पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# बढे मलेसिया जाने साउदी कतार बराबर

**प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को दशौं महिना अर्थात् वैशाखमा वैदेशिक रोजगारीका लागि ७० हजारभन्दा बढी नेपाली विदेशिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार वैशाख महिनामा ७० हजार ६३७ जना नेपाली नयाँ तथा पुन: श्रम स्वीकृति लिएर रोजगारीको लागि विदेशिएका हुन् ।

विभागको तथ्यांकअनुसार ९४ वटा मुलुकमा श्रम स्वीकृति लिएर नेपालीहरू रोजगारीका लागि गएका छन् । तुलनात्मक रूपमा गत चैत महिनामा विदेशिने र वैशाखमा विदेशिने नेपालीको संख्या हाराहारी रहेको छ । गत चैत महिनामा ७० हजार ९३३ जना विदेशिएका थिए । यसअघि गत फागुन महिनामा ६५ हजार ६५८ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वकिृति लिएका थिए ।

चालु आवको सुरुआती महिनादेखि नै चौथो स्थानमा रहेको मलेसिया यसपटक नेपालीहरूको पहिलो गन्तव्य बन्न सफल भएको । वैशाखमा मलेसिया जान १६ हजार ९४९ जनाले श्रम स्वीकृति लिएका छन् । मलेसियामा जान गत चैत महिनामा १२ हजार ६०२ जनाले श्रम स्वीकृति लिएका थिए । त्यस्तै चालु आवको सुरुआतीदेखि नै पहिलो गन्तव्य बनेको संयुक्त अरब इमिरेट्स (युएई) दोस्रो स्थानमा परेको छ । वैशाखमा युएई जान १६ हजार ५१२ जनाले श्रम स्वीकृति लिएका छन् ।

**घेरै श्रमिक गएका मुलुक**

| | |
|---|---|
| मलेसिया | १६,९४९ |
| युएई | १६,५१२ |
| कतार | ११,१०७ |
| साउदी | ११,०६१ |
| कुवेत | ३,३८७ |
| क्रोएसिया | १७१० |
| जापान | १,२९८ |
| रोमानिया | १,०८४ |
| बहराइन | ९३४ |
| मोरिसस | ८७० |

यसैगरी वैशाख महिनामा रोजगारीका लागि कतार जान ११ हजार १०७ जनाले श्रम स्वीकृति लिएका छन् । तेस्रो स्थानमा परेको कतार जाने नेपालीको संख्या प्रत्यक महिना हाराहारी नै रहेको विभागको तथ्यांकले देखाएको छ । यस्तै चौथो स्थानमा साउदी अरेबिया परेको छ । वैशाखमा श्रम स्वीकृति लिएर साउदी जाने नेपालीको संख्या ११ हजार ६१ रहेको छ ।

चालु आव सुरू भएयता कतार र साउदी जाने नेपालीको संख्या हराहारी जस्तो देखिए पनि युएई जाने संख्यामा भने उल्लेख्य वृद्धि भएको विभागको तथ्यांकले देखाएको छ । यसैगरी पाँचौं स्थानमा परेको कुवेतमा तीन हजार ३८७ जना नेपाली श्रमिक रोजगारीका लागि पुगेका छन् । कुवेत जाने श्रमिकको संख्या पनि क्रमश: त्यस्तो धेरै उतारचढाव देखिएको छैन । उल्लेखित पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशतभन्दा बढी) ओगटेको विभागको तथ्यांकले देखाएको छ ।

यसैगरी क्रोएसिया एक हजार ७१०, जापान एक हजार २९८, रोमानिया एक हजार ८४, बहराइन ९३४, मोरिसस जान ८७०, माल्दिभ्स ५७३, साइप्रस ८४९ र ओमानका लागि ५५२ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै फागुन महिनामा इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या ७७२ रहेको छ । विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुन: श्रम स्वीकृति लिने २५ हजार १७२ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ४० हजार ५५१ जना रहेका छन् । चालु आवको दशौं महिनामा श्रम स्वीकृति लिनेमध्ये छ हजार ६२७ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ ।

(क्रमश: पृष्ठ २ मा)

## मलेसियामा मृत्यु भएका महतोको परिवारलाई क्षतिपूर्ति



**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका नेपाली श्रमिक तेजनारायण महतोको परिवारलाई मलेसियास्थित कम्पनीले क्षतिपूर्ति उपलब्ध गराएको छ । बिहीबार हिमालयन ह्युमन रिसोर्स प्रालिको संयोजनमा कम्पनीले क्षतिपूर्तिबापतको रकम उपलब्ध गराएको हो ।

काठमाडौंको बसुन्धारास्थित हिमालयन ह्युमन रिसोर्सको कार्यालयमै उपस्थित भएर मलेसियाको हर्ता प्याकेजिङ इन्डस्ट्रिज (सेलाङगर) एसडिएन बिएचडीका प्रबन्ध निर्देशक ली चिन वानले मृतकका आमालाई क्षतिपूर्तिबापत ९८ हजार ७७७ रिंगिट (करिब २८ लाख रूपैयाँ) हस्तान्तरण गरे ।

सर्लाही ईश्वरपुरका २२ वर्षीय महतो हिमालयन ह्युमन रिसोर्समार्फत रोगजगारीका लागि मलेसिया गएका थिए । त्यहाँको हर्ता प्याकेजिङ इन्डस्ट्रिज कम्पनीमा उनी फोरक्लिफट् चालकको रूपमा कार्यरत थिए । ड्युटीकै क्रममा गत माघ ९ गते दुर्घटनामा परी उनको मृत्यु भएको थियो ।

कम्पनीका प्रबन्ध निर्देशक वानले नियमानुसार मृतक महतोको परिवारलाई क्षतिपूर्ति रुकम हस्तान्तरण गरिएको बताए । यता वैदेशिक रोजगार बोर्डमार्फत प्राप्त हुने बिमाबापतको रकमसमेत मृतकको परिवारले पाइसकेको हिमालयन ह्युमन रिसोर्स प्रालिका प्रबन्ध निर्देशक रविराज कार्कीले बताए ।




## पृष्ठ १ बाट क्रमशः

### संसदीय छानबिन...

'माननीय सदस्यहरू आज माननीय सदस्य उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले सदनमा उठेका विषयहरूमा बोल्नका लागि समय माग गर्नुभएको छ र रवि लामिछानेलाई बोल्नको लागि दिनुपर्छ भनेर पहिलादेखि कुरा आइरहेको छ', सभामुख घिमिरले थपे, 'त्यसले गर्दाखेरी म उहाँलाई समय दिन्छु ।' कांग्रेसको असहमतिबीच सभामुख घिमिरेले बोल्न समय दिएपछि कांग्रेस सांसदहरू झन् आक्रोशित बने । त्यहीबेला एमाले अध्यक्ष केपी शर्मा ओली उठेर नाराबाजी गरिरहेका कांग्रेस उपसभापतिसमेत रहेका धनराज गुरुङनजिक गए ।

त्यहाँ गुरूङसँग ओली भनाभनमा उत्रिए । गुरुङले नारा झन् चर्काए । ओलीतिरै फर्काएर उनले हात माथिमाथि उठाए । ओलीलाई कांग्रेसका प्रदर्शनरत सांसदले घेरा हाले । यसपछि देखेपछि एमालेका सांसद ठाकुर गैरे र प्रमुख सचेतक महेश बर्तौला त्यो घेरा तोड्दै ओली भए ठाउँ पुगे । उता कांग्रेसका सांसद डा प्रकाशशरण महत पनि त्यहीँ आए । उनी बीचमा बसेर माहोल मिलाउन खोज्दै थिए । तर, कांग्रेसका अरू सांसदहरू र एमालेका सांसदहरूबीच झण्डै हात हालाहालको अवस्था उत्पन्न भयो ।

कांग्रेस सांसद गुरुङले प्रभावसँग संक्षिप्त कुराकानी भनेका छन्, 'म आफैँ उभिएको थिएँ, एमाले अध्यक्ष उठेर आएर तपाईं यहाँबाट हट्नुस्, उता नउभिनुस् भन्नुभयो । तर मैले लगातार नारा लगाइरहेँ ।' त्यसबेलासम्म गृहमन्त्री लामिछाने भने उभिरहेका थिए । उनी सहकारी प्रकरणबारे बोल्न चाहन्थे । सभामुख घिमिरेले बोल्न समय पनि दिएका थिए । कांग्रेस सांसदहरूको निरन्तरको अवरोधले गृहमन्त्री लामिछानेलाई आसन ग्रहण गर्न भने । उनलाई बोल्न दिनेलगायतका सबै कार्यसूची हटाए । यद्यपि, माहोल तनावग्रस्त नै भयो ।

सभामुख घिमिरेले चाहिँ संसदको अर्को बैठक ४ गते बिहान ११ बजेका लागि स्थगित गरे । कांग्रेस सांसदहरूले प्रधानमन्त्री पुष्पकमल दाहाललाई पनि केहीबेर घेरा हाले । यसरी जारी बैठक अवरुद्ध भयो । यसपछि संसद भवन नयाँ बानेश्वरमा पत्रकार सम्मेलन गरी कांग्रेस महामन्त्रीसमेत रहेका सांसद गगन थापाले बिहीबार प्रतिनिधिसभामा भएको घटनाको मूल जिम्मेवारी सभामुख देवराज घिमिरेको भएको आरोप लगाए ।

सभामुखले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सदन अवरुद्ध गरेका बेला जबर्जस्ती संसदलाई कार्यसूचीमा प्रवेश गराएको उनको आरोप छ । 'आज सदनभित्र जे अप्रिय स्थितिको सिर्जना भयो, यसको मूल जिम्मेवारी सम्माननीय सभामुखले लिनुपर्छ । किनकी सदनलाई जबर्जस्ती कार्यसूचीमा प्रवेश गराएर एकप्रकारको अप्रिय अनपेक्षित स्थिति सिर्जना गर्ने कामको मूल जिम्मेवारी सम्माननीय सभामुखले लिनुपर्छ', उनले भने ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले बुधबार कांग्रेसको अवरोधका बाबजुद संसद चल्छ भनेको र त्यसको भोलिपल्ट संसदमा त्यही दृश्य देखिएको भन्दै थापाले सभामुख आदेश पालकको भूमिका देखिएको आरोप लगाए ।

'सम्माननीय सभामुख एउटा पार्टीको नेताको आदेशपालकको रूपमा उहाँको भूमिका यसरी रहने कुरा हाम्रा लागि दुखको विषय हो, यसरी निरन्तर रूपमा जाँदैन भन्ने अपेक्षा गर्छौं र उहाँको भूमिका जिम्मेवारीपूर्ण रूपमा निर्वाह गर्न सचेत गराउँछौं', थापाले भने । उनले अब कांग्रेस सहकारी प्रकरणबारे छलफलमा नबस्ने र संसदीय छानबिन समिति गठन हुनैपर्ने दोहोर्‍याए ।

'अब छलफलमा बस्न हामीलाई मन छैन । शुक्रबार ११ बजेसम्म संसदीय छानबिन समिति गठन होस्', उनले भने, 'हामी अब छलफल गरेर बस्दैनौं ।' बिहीबारको संसदमा भएको घटना र सहकारी ठगीमा छानबिन समिति गठनको विषय पेचिलो बनेपछि आज बिहान साढे ८ बजे संसद् भवन परिसरमा बस्ने गरी दलको कार्यसमिति र ९ बजे दलको बैठक बोलाएको छ । प्रमुख सचेतक रमेश लेखकका अनुसार संसद बैठकमा भएको मुठभेडबारे समीक्षा गरेर आगामी रणनीति कांग्रेसले तय गर्नेछ ।

तर, गृहमन्त्री लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अब संसदीय छानबिन समिति नबन्ने घोषणा गरेको छ । लामिछानेमाथि सहकारी प्रकरणको छानबिनको माग गर्दै संसदीय समितिको माग राख्दै कांग्रेससँग धकेलाधकेलको स्थिति बनाएपछि समिति नबन्ने घोषणा गरेको हो । रास्वपाका सांसद मनिष झाले भने, 'हामीले सहमतिको लागि धेरै प्रयास गर्‍यौं तर, अब समिति बन्दैन ।'

■■■

### यस्तो थियो ...

सुप्रिम सहकारी, सूर्यदर्शन सहकारी, स्वर्णलक्ष्मी सहकारी लगायतका संस्थाबाट अनुचित लाभ लिने एवं सहकारी ऐन विपरित कार्य गर्ने वा कार्य गर्न मद्दत पुर्‍याउने व्यक्ति र गोरखा मिडिया नेटवर्क प्रा.लिजस्ता कम्पनीका प्रबन्ध निर्देशक रहेका रवि लामिछाने लगायत शेयर धनी एवं सञ्चालक समेतकाबारे अध्ययन गरी कानुनी कारबाहीसम्बन्धी सुझाव र सिफारिस गर्ने भनिएको थियो । यस्तै रास्वपाले सहकारी संस्थाहरूमा देखिएको संकटको समाधानार्थ संसदीय छानबिन समिति बनाउने र विगत केही समयदेखि प्रमुख प्रतिपक्षी दल लगायतका सांसदहरूले उठाएका सहकारी बचतकर्ताहरूको रकम अपचलन तथा दुरूपयोगका सम्बन्धमा मौजुदा कानूनी र संस्थागत प्रयोजनको तथ्यगत विश्लेषण गर्ने प्रस्ताव थियो । यसस्ँै अनुचित लाभ लिने व्यक्ति, संस्था र कम्पनीबारे समेत अध्ययन गरि कानुनी कारबाहीसम्बन्धी सुझाव र सिफारिस गर्ने अर्को प्रस्ताव थियो ।

■■■

### सोडारीलाई विश्वासको...

मुख्यमन्त्रीलाई विश्वासको मत नदिन उन्मुक्तिले ह्विप जारी गरेको थियो ।

दलको ह्विपलाई अटेर गरेर विश्वासका मत दिएका दुवै जनालाई कारबाही गरिने मुख्य सचेतक खुशीराम डङ्गौरा थारुले बताए । 'मुख्यमन्त्रीलाई विश्वासको मत दिनु भएका दुवै माननीयलाई कारबाही हुन्छ,' थारुले भने ।

मुख्यमन्त्रीलाई विश्वासको मत दिएका दुवै सदस्य नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रन्जिता पक्षधर हुन् । सरकारको विरोधमा रहेका पाँच जना सदस्य भने संरक्षक रेशमलाल पक्षका हुन् ।

#### सोडारीविरुद्धको रिट खारेज

सर्वोच्च अदालतले सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा सोडारीको नियुक्तिविरुद्धको रिट निवेदन खारेज गरेको छ ।

न्यायाधीशहरू प्रकाशकुमार ढुङ्गाना, कुमार चुडाल र सुनीलकुमार पोखरेलको पूर्ण इजलासले बिहीबार निर्देशनात्मक आदेश गर्दै रिट निवेदन खारेज हुने फैसला सुनाएको हो ।

सुदूरपश्चिमको मुख्यमन्त्रीमा सोडारीको नियुक्तिविरुद्ध गत वैशाख ९ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो । नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) प्रदेश संसदीय दलका नेता सोडारीको मुख्यमन्त्री नियुक्ति बदर गर्न माग गर्दै नागरिक उन्मुक्ति पार्टी (नाउपा) का लक्ष्मणकिशोर चौधरीले रिट निवेदन दायर गरेका थिए ।

तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहले राजीनामा दिएपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ (२) अनुसार सरकार गठनका लागि पहिलोपटक दाबी पेस गर्न समय दिँदा एकीकृत समाजवादीको समर्थनसहित लक्ष्मणकिशोरलाई मुख्यमन्त्री प्रस्ताव गरिएको थियो । सोही समयमा नाउपाकै कैलाश चौधरीले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेताको समर्थनसहित दाबी पेस गरेका थिए । प्रदेश प्रमुख नजिर मियाँले भने दुवै दाबीलाई खारेज गरी फेरि दाबी पेशका लागि समय दिएपछि सोडारीलाई मुख्यमन्त्रीमा नियुक्त गरिएको थियो ।

■■■

### बढे मलेसिया ...

पछिल्लो समय वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा जान श्रम स्वीकृति लिने नेपालीको संख्या क्रमिक रूपमा बढ्दै गएकोसमेत विभागको तथ्यांकमा देखिन्छ ।

यसरी श्रम स्वकिृति लिएर जानेहरूमा उच्च दक्षता भएकादेखि अदक्ष श्रमिक रहेको विभागको विवरणमा उल्लेख छ । वैशाख महिनामा उच्च दक्षता हासिल गरेका ७० जना र पेशागत दक्षता भएका ३५४ जना नेपालीहरू श्रम स्वीकृति लिएर विदेशिएका छन् । वैदेशिक रोजगारीको क्रममा सबैभन्दा बढी दक्ष कामदार गएको विभागले जनाएको छ । यो संख्या ५२ हजार १७७ रहेको छ । यस्तै अर्धदक्ष कामदारको रूपमा ५ हजार ४२० बाहिरिएका छन् भने १२ हजार ६१६ अदक्ष कामदार वैशाख महिनामा विदेशिएका छन् ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०२/०४

यस कम्पनीको मिति २०८०/११/०३ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **मिराकल एस. एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १८७९८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/०४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बेथेस्डा इ.डि.यू. कन्सल्टेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/०४ गते)

कपिलमुणि दाहालको नाती, श्रीमान तारा निधि दाहाल/श्रीमती यदु कमारी दाहालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने (ना.प्र.नं. ३०१०४२/१६४०६८, जारी मिति २०६४/०७/१९, जिल्ला प्रशासन कार्यालय, काभेपलाञ्चोक) रामचन्द्र दाहालको मिति २०८०/१२/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बनेपा शाखामा रहेको बचत खाता नं.१०३०१९३७४०८०००१/३ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको दाई रुद्र प्रसाद दाहालले यस बैंक बनेपा शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय बनेपामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोक फोन नं. ०११-६६१२९८/६६१३०९

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROSE FOOD TRADING EST

पूर्व स्वीकृति मिति : २०८१/०२/०२ LT. No. 304820 चलानी नं. ६०२१९६२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६४१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ । समय विहानको ८:00 बजे कम्पनीको कार्यालयमा नै हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई पनि नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/०४ गते)

श्रिनारायणको नाति, हर्ष नारायणको छोरा काठमांडौ जिल्ला, वडा नं. ३१ मा, बस्ने मदन खड्गीको मिति २०८०/०८/०२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको थली शाखामा रहेको बचत खाता नं.०३८००२०६६८४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरी कमला खड्गीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कले सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय थली, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय थली, काठमाडौं फोन नं. ०१-४४५१२८५/४४५१४८६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७५/०८/२५ मा दर्ता भएको प्रा.लि.नं. २०४१९४ को **अनुप्रित सोलुसन्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०२/०२ गते भक्तपुर जिल्ला निलबराहीस्थित पार्किङ गरिराखेको अवस्थामा Ebony Blk Satin Blk को मोटरसाइकल हराएको हुँदा देख्नु, पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

नाम : रन्जित पौडेल
बाइक नं.: बा. प्र. ०३-०४९ प ५९९४
च्यासिस नं.: MD2A36FX2PCJ85724
इन्जिन नं. : JLXCPH61901
ठेगानाः निलबराही, भक्तपुर
सम्पर्कः 9860004328

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ्ग, रसुवा, बागमति प्रदेश

### ड्राइभिङ तालिम सञ्चालन गर्न प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०४

कालिका गाउँपालिका रसुवा वडा नं. ४, धुसेनीमा वडा कार्यालयबाट छनौट भएका लाभग्राहीलाई हलुका सवारी साधन ड्राइभिङ तालिम सञ्चालनका लागि इच्छुक तालिम प्रदायक संस्थाबाट परामर्श सेवा खरिद गर्नुपर्ने भएकाले निम्न सर्तहरुको अधीनमा रही कति जना लाभग्राहीलाई प्रति व्यक्ति प्रति घण्टाको दरले कति दिनसम्म सञ्चालन गर्न सकिने हो, सो सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) भित्र दररेटसहितको प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सर्तहरु तथा आवश्यक कागजातहरु :**

१. प्रस्तावसाथ पेस गर्नुपर्ने कागजातहरु :
   क) संस्था/व्यवसाय दर्ता र नवीकरण, PAN/VAT Registration र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
   ख) संस्थाको जनशक्तिको विवरण र चालक अनुमति पत्रको प्रतिलिपि,
   ग) दररेट खुलेको निवेदन पत्र ।
२. तालिम सञ्चालन सम्बन्धित विषय कालिका गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।थप जानकारीका लागि कालिका गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**सम्पर्क नं. :- ०१०-५४२०९६/९८**

प्रमुख प्रशासकीय अधिकृत


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

जेठ ०४ गते २०८१, शुक्रबार

| | |
|---|---|
| मेष | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |
| वृष | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |
| मिथुन | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| कर्कट | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| सिंह | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| कन्या | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| तुला | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । दिगो फाइदा हुने |
| वृश्चिक | काम प्रारम्भ गर्न सकिनेछ । |
| धनु | व्यवसायिक काममा फाइदा हुनेछ । |
| मकर | मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| कुम्भ | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| मीन | रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ ०४ गते, २०८१, १७ मे, २०२४

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट घघघ।लचदयचन।लउ मा उपलब्ध हुनेछ ।

# ‘लुबाट बच्न जनचेतना बढाउन आवश्यक’

**काठमाडौं–** तातो हावाको लहर ‘लु’ बाट बच्नका लागि व्यापक जनचेतना तथा प्रचारप्रसार गर्न आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बिहीबार आयोजना गरेको ‘लु’को प्रभाव र पूर्वतयारीसम्बन्धी संवाद कार्यक्रममा उनीहरूले ‘लु’बाट बच्न व्यापक जनचेतना जरुरी रहेको बताएका हुन् ।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले आपत्कालीन अवस्थासम्बन्धी कार्ययोजना बनाउन सबै सरोकारवालालाई आग्रह गरे । ‘सबैको सहकार्यमा लु व्यवस्थापन तथा न्यूनीकरणको कार्ययोजना तर्जुमा गर्नसकेमा उपयुक्त हुने छ,’ उनले भने, ‘लुसम्बन्धी जनचेतना एकदमै जरुरी छ, जनचेतनाको ठूलो महत्त्व रहन्छ ।’

ललितपुरका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शेखर खनालले प्रत्येक जिल्लामा जनचेतना बढाउनका लागि निर्देशन र गर्मीबाट बच्न जीवनजल वितरणका कार्यक्रम अगाडि बढाउनुपर्ने सुझाव दिएका छन् । प्राधिकरणका वरिष्ठ मौसमविद् राजेन्द्र शर्माले ‘लु’बाट बच्नका लागि जनचेताना जगाउन र नीति तर्जुमा गर्नुपर्ने सुझाव दिए । जल तथा मौसम विज्ञान विभागले यस वर्ष तापक्रम बढ्ने प्रक्षेपण गरिरहेको उल्लेख गर्दै तापक्रमबाट मानिसको जनजीवनबाट प्रभावित हुनसक्ने उनको भनाइ थियो ।

विभागकी वरिष्ठ मौसमविद् शान्ति कँडेलले पनि जलवायु परिवर्तनको असरका कारण विश्वमा तापमान बढ्दै गइरहेको भन्दै समयमा नै न्यूनीकरणका उपाय अवलम्बन गर्न नसकेमा तातो हावाको असर अझै बढ्नसक्ने बताइन् । ‘विश्वमा बढिरहेको तापक्रमका कारण नेपाल पनि अछुतो छैन, नेपालमा औसतमा ०.०५२ डिग्री सेल्सियस अधिकतम तापक्रम बढ्दै छ । हिमाल पग्लँदै गइरहेको छ,’ उनले भनिन्, ‘कसरी तातो हावाको प्रकोपबाट बच्ने भन्ने विषयमा गम्भीर हुन नसकेमा दिनानुदिन तराईका बासिन्दामा असर पर्दै जाने छ ।’

जनस्वास्थ्यविद् डा. समीर अधिकारीले तातो हावाका कारण मानिसको शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पुग्नसक्ने भन्दै ‘लु’ बाट बच्ने उपाय अवलम्बन गर्न जरुरी रहेको जानकारी दिए । ‘लुका कारण सास फेर्न गाह्रो हुन्छ । रगतजन्य समस्या आउन सक्छ । शरीरमा घाउ हुनसक्छ,’ उनले भने, ‘ब्लडप्रेसरको समस्या बढ्नसक्छ, आँखाको समस्या हुन सक्छ र कालान्तरमा मानिसको मृत्यु हुनसक्छ ।’

डा. अधिकारीले पनि व्यापक जनचेतना र जनसहभागिता तथा समन्वय गरेर लु व्यवस्थापनको काम गर्नुपर्नेमा जोड दिएका छन् । लुबाट कसरी सुरक्षित गर्ने ? कसरी पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्ने ? भन्ने विषयमा कार्यक्रम तय गर्न आवश्यक रहेको उनको भनाइ छ । उनका अनुसार गर्मीका कारण शरीरमा आलस्य बढ्नसक्छ । *रासस*

# वैशाखमा आगलागी र वन डढेलोबाट २६ को मृत्यु

**काठमाडौं (प्रस)–** वैशाखमा अधिकतम् तापक्रममा वृद्धि भएसँगै मुलुकभर भएका आगलागी र वन डढेलोका घटनाबाट धेरै जनधनको क्षति भएको छ । वैशाखमा डढेलो तथा आगलागीका घटनामा परी देशभर २६ जनाको मृत्यु भएको जनाइएको छ ।

लामो समय सुक्खा खडेरी हुँदा वैशाखमा मात्र देशभर आगलागीका ८६१ र डढेलोका ५७३ घटना भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । आगलागीका घटनामा परी २० जनाको मृत्यु भएको थियो भने ७३ जना घाइते भएका थिए । त्यस्तै डढेलोका घटनामा परी छ जनाको मृत्यु भएको थियो भने १३ जना घाइते भएको प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले जानकारी दिए । आगलागीबाट एक हजार ३६४ र डढेलोबाट ४०७ घरपरिवार प्रभावित भएका थिए ।

त्यस्तै यस अवधिमा चटचाङबाट आठ जना, उचाइमा लेक लागेर दुई, बाढी र जनावरको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको थियो । वन तथा भू-संरक्षण विभागले दिएको जानकारीअनुसार वैशाख महिनामा मात्र यति धेरै डढेलोका घटना भएको सम्भवतः पहिलोपटक हो । नेपालमा खासगरी माघदेखि जेठसम्म बढी आगलागी र डढेलो लाग्ने गरेको छ ।

नेपालमा विशेषगरी तराई र भित्री मधेसका जिल्लामा वन डढेलो बढी लाग्ने गरेको विभागको वन डढेलो सूचना कक्षका वन अधिकृत गोविन्दकुमार श्रेष्ठले जानकारी दिए । यस वर्ष हिउँदे वर्ष न्यून भएका कारण पनि वन डढेलो धेरै देखिएको विभागको भनाइ छ ।

डढेलोका कारणमध्ये स्थानीयले घाँसको मुना पलाउने आशमा जानाजानी आगो लगाउने गरेका छन् । डढेलो वन व्यवस्थापनको राम्रो औजार भए पनि त्यो नियन्त्रित हुनुपर्ने वन क्षेत्रको जानकारको भनाइ छ । वनजंगलमा मानिस वनभोज जाने र आगो त्यतिकै छोड्दा हुने आगलागी, बिँडी, चुरोटका ठूटाबाटसमेत वन डढेलो लाग्ने गरेको उनले जानकारी दिए ।

कतिपय संरक्षित क्षेत्रमा स्थानीयले प्रवेश गर्न नपाएको र स्रोतको प्रयोग गर्न नपाएको आवेगमासमेत आगो लगाउने गरेको देखिएको छ । पछिल्लो समय जलवायु परिवर्तन र वन डढेलोबीचको दुश्चक्रिय अन्तरसम्बन्धले समस्या जटिल बन्नुका साथै डढेलोका घटनासमेत वृद्धि भएको पाइएको जनाइएको छ ।

# न्यूनतम पारिश्रमिक निर्धारण समितिमा पुनः खड्का



**काठमाडौं (प्रस)–** सरकारले न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्षमा पत्रकार संगीता खड्कालाई नियुक्त गरेको छ । सिंहदरबार बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

काठमाडौं निवासी खड्का यसअघि पनि समितिको अध्यक्ष थिइन् । सरकारले श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ र नियमावली २०५३ को व्यवस्थाबमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको पारिश्रमिक निर्धारण, परिश्रमिकमा पुनरावलोकन, पदको तहगत वर्गीकरणलगायत कार्यका साथै सञ्चार प्रतिष्ठानको अनुगमनको निम्ति २०६४ सालमा समितिको गठन गरेको थियो ।

मन्त्रिपरिषद् बैठकले नीति अनुसन्धान प्रतिष्ठान विकास समितिको कार्यकारी अध्यक्षमा प्रा.डा. लेखनाथ शर्मालाई नियुक्त गरेकोसमेत मन्त्री शर्माले जानकारी दिइन् । बैठकले नेपाल प्रशासनिक सेवा, समूहीकरणअन्तर्गत राजपत्रांकित विशिष्ट श्रेणीको पदमा लोकनाथ पौडेल र नेपाल कृषि वन सेवा, समूहीकरणअन्तर्गत राजपत्रांकित विशिष्ट श्रेणीको पदमा राजेन्द्रप्रसाद मिश्रलाई बढुवा गर्ने निर्णय गरेको उनले बताइन् ।

मन्त्रिपरिषद्ले जलवायु पविर्तन अनुकूलन कार्यक्रम कार्यान्वयन गर्न फिनल्याण्ड सरकारबाट प्राप्त हुने करिब १३ मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने निर्णयसमेत गरेको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFRA JAMAN RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८१/०२/०१ | LT. No. 304851 | चलानी नं. ६०२१९६४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५३,४३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १३ गते (26th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career International Services (P.) Ltd.**
License No.: 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : B VENTURES MANAGEMENT SDN BHD

पुर्व स्वीकृति मिति २०८१/०२/०३ | पुर्व स्वीकृति मिति २०८०/०१/२९ | LT. No. 285836 | चलानी नं. ६०२१८८६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 4 | 0 | 1500 | ४२,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Centre Overseas Pvt. Ltd.**
THE CENTER OVERSEAS CONCERN PVT.LTD
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## Sotang Rural Municipality

### Office of Rural Municipal Executive

Sotang, Solukhumbu

Koshi province, Nepal

## Invitation for Online Bids

**Date of Publication: 2081/02/04 (17/05/2024)**

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S. N. | Contract No | Description of Work | Bid Security Amount (NPR) | Bid Validity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 01/SRM/SQ/ 2080/81 | SUPPLY AND DELIVERY HDPE PIPE | 50,000.00/- | 45 days after bid opening | 1,000.00/- | 19,99,931.52/- | 2081/02/18 (31-05-2024) 11:19 AM | 2081/02/20 (02-06-2024) 12:00 PM | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9862809894 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:

Name of the Bank: Agriculture Development Bank, Solukhumbu
Name of the Office: **Sotang Rural Municipality Office, Solukhumbu**
Office Code No.: 801010908
Office Account No.: 1125501429939116 (For Bid Document)
Office Account No.: 1125501429939035 (For Bid Security)

4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**



## साउदी र युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL-NAJAH ADVANCED OPERATION AND MAINTENANCE COMPANY शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८१/०१/०९ | चलानी नं.: ६०२१८४८१ | LT. No.:303718 | पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office cleaning worker | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee Maker | 25 | 0 | | 1300 | ४६,२१५ | | | | | | | |

कम्पनी: SK SOLUTIONS FACILITY SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/११/१८ | चलानी नं.: ६०२१५८४४ | LT. No.: 300932 | पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 32 | 15 | सम्बन्धित काममा दक्ष | 900 | ३२,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guard | 15 | 0 | | 1500 | ५४,४३५ | | | | | | | |
| 3. | Packer | 9 | 0 | | 900 | ३२,६६१ | | | | | | | |
| 4. | Porter | 18 | 0 | | 900 | ३२,६६१ | | | | | | | |
| 5. | Security Guard | 22 | 10 | | 1500 | ५४,४३५ | | | | | | | |

कम्पनी : FEDERAL SECURITY SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/१८ | चलानी नं.: ६०२१९६४७ | LT. No.: 302861

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Helper | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Cleaner/Helper | 0 | 30 | | 800 | २९,०३२ | | | | | | | |
| 3. | Security Guard | 100 | 0 | | 1200 | ४३,५४८ | | | | | | | |

कम्पनी: MMH SECURITY SERVICES शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८१/०१/०८ | चलानी नं.: ६०२१८४०१ | LT. No.: 303674 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 17 | 0 | स. काममा दक्ष | 1200 | ४३,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: A N NEER CLEANING SERVICES LLC शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८१/०२/०३ | चलानी नं.: ६०२१९६४६ | LT. No.: 304892

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labour | 20 | 0 | | 800 | २९,०३२ | | | | | | | |
| 3. | Cleaner | 40 | 0 | | 800 | २९,०३२ | | | | | | | |
| 4. | Driver | 10 | 0 | | 1600 | ५८,०६४ | | | | | | | |
| 5. | Electrical Assistant | 15 | 0 | | 1000 | ३६,२९० | | | | | | | |
| 6. | General Helper | 20 | 0 | | 800 | २९,०३२ | | | | | | | |
| 7. | Window Cleaner | 20 | 0 | | 800 | २९,०३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ ११ गते (24 May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SELECTION STEEL WLL

पूर्व स्वीकृति मिति : २०८१/०२/०३ | LT. No. 304893 | चलानी नं. 60219639

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder Technician | 2 | 0 | 1500 | ५५०२४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ६२३६१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## कतार/ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी: METRO STATE CONTRACTING COMPANY WLL

पूर्व स्वीकृति मिति: २०८१/०१/१२ | पून : विज्ञापनव स्वीकृति मिति: २०८१/०२/०३ | LT. No. 303885 | चलानी नं. 60218726

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1500 | ५४५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 5 | 0 | 1200 | ४३६३४ | | | | | | | |
| 3 | CIVIL ENGINEEER | 1 | 0 | 5000 | १८१८०९ | | | | | | | |
| 4 | Dry Clean Worker | 0 | 0 | 1200 | ४३६३४ | | | | | | | |
| 5 | Electrician - Skilled | 4 | 0 | 1500 | ५४५४२ | | | | | | | |
| 6 | General Cook | 1 | 0 | 1800 | ४३६३४ | | | | | | | |
| 7 | LABOUR | 4 | 0 | 1200 | ४३६३४ | | | | | | | |
| 8 | MASON | 3 | 0 | 1500 | ५४५४२ | | | | | | | |
| 9 | PIPE FITTER | 2 | 0 | 1500 | ५४५४२ | | | | | | | |
| 10 | STORE KEEPER | 1 | | 2100 | ७६३६० | | | | | | | |

कम्पनी: TEA TIME BREAK LLC

पूर्व स्वीकृति मिति: २०८१/०२/०२ | LT. No. 304786 | चलानी नं. 60219640

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 150 | ५२०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | dish washer | 8 | 0 | 120 | ४१६५५ | | | | | | | |
| 3 | juice maker | 8 | 0 | 130 | ४५१२६ | | | | | | | |
| 4 | Sandwich Maker | 10 | 0 | 150 | ५२०६८ | | | | | | | |
| 5 | waiter | 5 | 0 | 140 | ४८५९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ११ गते (24th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Like International (Pvt) Ltd.**
श्रम ईजाजत नं. १५८०/०७९/०८०
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444
Email: nocnepal@nassers.org

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# अपरिपक्व सभामुख

पछिल्ला दिनहरूमा प्रतिनिधि सभाको कामकारबाही सञ्चालन गर्दा सभामुख देवराज घिमिरे अपरिपक्व देखिन थालेका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सदनमा सहकारी प्रकरणमा आफ्नो अडान कायम राख्दै अवरोध जारी राखेको लामो समय भयो । सभामुखले यसबारे कांग्रेससँग सहजीकरण गर्ने काम गर्न सक्थे । तर कांग्रेस झनै उत्तेजित हुने किसिमले सभामुखले आफ्नो प्रस्तुति दिन थालेका छन् ।

सभामुख सदनको नेता हुन् । तर सभामुख घिमिरेले सदनमा हप्काउने शैलीमा कार्यसूची अघि बढाउन प्रतिपक्षीहरू भड्किन थालेका छन् । बिहीबारको बैठकमा सभामुख घिमिरेले प्रतिपक्षीलाई पेलेरै राष्ट्रपतिको कार्यालयको पत्रहरू पढेर सुनाए । संसदीय अभ्यास हेर्ने हो भने प्रतिपक्षीको चर्को विरोधका बीच सभामुखले यसरी कामकारबाही अगाडि बढाउन हुन्न । तर सभामुख घिमिरेले भने संसदीय नैतिकताको वास्ता नै गरेनन् ।

यसअघि पनि सभामुख घिमिरे पटकपटक विवादमा तानिएका थिए । वैशाख २८ गते बजेट अधिवेशनको पहिलो दिन उनको प्रस्तुति देखेर सत्तारुढ दल नेकपा एमालेका अध्यक्ष केपी ओलीसमेत रुष्ट बनेका थिए । सदनमा गृहमन्त्री रवि लामिछाने र कांग्रेसका एक नेतालाई बोल्न दिएपछि निरन्तर बहस हुने भनिएकोमा शुरुमै कार्यसूचीमा प्रवेश हुन खोज्दा त्यो दिनको सदन भाँडियो । सहकारीको रकम अपचलनबारेको मुद्दा पेचिलो बन्दै गएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षसमेत रहेका उपप्रधान तथा गृहमन्त्री लामिछाने सहकारीको रकम अपचलन गरेको आरोप कांग्रेसले उठाउँदै आएको छ । यसमा संसदीय छानबिन समिति गठन हुनुपर्ने माग कांग्रेसको छ । कांग्रेसको मागमा राप्रपा र सत्तारुढ दल एकीकृत समाजवादीको समेत साथ छ । सदनमा यो विवाद चर्किएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल र सभामुख घिमिरेले विषय मत्थर पार्न प्रयास जारी राखेका छन् ।

तर बुधबार एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसमाथि आक्रोश पोखेपछि सदनको माहोल झनै बिग्रन पुग्यो । ओलीले अब कांग्रेसलाई बोल्न नदिइने र आफूले कांग्रेसका सबैको जन्मकुण्डली थाह भएको बताएका थिए । उक्त बोलीकै कारण प्रतिनिधि सभामा बिहीबार कांग्रेस आक्रोशित भएको बताइन्छ । यस्तो अवस्थामा उपसभामुखसमेत वेल घेराउ गर्न पुग्नु अर्को लज्जासपद विषय रह्यो । समग्रमा सदनमा अनुशासन सिकाउने र सदनकै नेता सभामुख र उपसभामुखको यस्तो क्रियकलाप इतिहासमै रेकर्ड राख्ने किसिमको देखियो । सदनमा यस्तो अपरिपक्वता देखाउने सभामुख र उपसभामुखलाई अबका संसदहरूले पाठका रूपमा हेर्नुपर्दछ । जनताको आवाज मुखरित गर्नुपर्ने ठाउँ हो । तर सभामुख आफैले मुठभेडको क्षेत्र बनाउने काममा मट्टितेल छर्कने काम गरिरहेका छन् ।

## मनन्योग्य

### विदुर नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

# 'मिलिनियम ट्रेक'लाई नियाल्दा



सागर श्रेष्ठ

पदयात्राका क्रममा लाहुरबाट फर्किएर डाँडामा जीवन बिताइरहेका बूढापाकाहरु र रोजगारीको खोजीमा युवाहरु सहर र विदेश पुग्दा रित्तिएका गाउँ बस्तीका कथा पनि सुन्न पाइन्छ । "पानी र जवानी पहाडमा टिक्दैन" भनेझैं पहाडमा युवाहरूको संख्या घट्दो देखिन्छ । यद्यपि देशमै केही गर्छु भनी वैदेशिक रोजगारबाट फर्केका युवाहरु कतैकतै भेटिन्छन् पनि । यो पदमार्ग नेपालको ग्रामीण समाजको सभ्यताको चिनारी बुझ्नका लागि र प्राकृतिक एवं सांस्कृतिक सुन्दरतामा रमाउनका लागि उपयुक्त गन्तव्य हो भन्न सकिन्छ ।

पहाडको प्राकृतिक छटा, लेकबस्तीको आत्मनिर्भर अर्थतन्त्र, मौलिक उत्पादनमा आश्रितहरूको कथा चिनाउने माध्यम बनेको 'मिलिनियम ट्रेक' अर्थात् सहस्राब्दी पदयात्रा अहिले धेरैको रोजाइमा पर्न थालेको छ । तनहुँको दुलेगौंडाबाट स्याङ्जाको रामबाछा जोड्ने ७२ किलोमिटर लामो पदयात्रामा गुरुङ र मगरको संस्कृतिसँगै विभिन्न विभिन्न इतिहास, परम्परा, गाउँले जीवनशैलीका साथै भूगोल जान्ने अवसर पनि हो ।

पदयात्राका क्रममा लाहुरबाट फर्किएर डाँडामा जीवन बिताइरहेका बूढापाकाहरू र रोजगारीको खोजीमा युवाहरू सहर र विदेश पुग्दा रित्तिएका गाउँ बस्तीका कथा पनि सुन्न पाइन्छ । 'पानी र जवानी पहाडमा टिक्दैन' भनेझैं पहाडमा युवाहरूको संख्या घट्दो देखिन्छ । यद्यपि देशमै केही गर्छु भनी वैदेशिक रोजगारबाट फर्केका युवाहरू कतैकतै भेटिन्छन् पनि । यो पदमार्ग नेपालको ग्रामीण समाजको सभ्यताको चिनारी बुझ्नका लागि र प्राकृतिक एवं सांस्कृतिक सुन्दरतामा रमाउनका लागि उपयुक्त गन्तव्य हो भन्न सकिन्छ ।

देशभित्र र विदेशमा यस पदमार्ग गुरुङ तथा मगर संस्कृति बुझ्नका साथै मध्यनेपालका पहाडको प्राकृतिक सुन्दरतामा रमाउनका लागि उपयुक्त विकल्पका रूपमा प्रचारप्रचार पनि भइरहेको छ । यस पदमार्गमा यात्राका क्रममा काञ्जिरोवा, धौलागिरि, अन्नपूर्ण, मनास्लु र गणेश हिमशिखरलगायत विभिन्न पर्वतहरूको अवलोकन गर्न सकिन्छ । करिब ४०० मिटरदेखि एक हजार ८०० मिटरसम्मको उचाइमा पर्ने यो पदमार्ग अत्यन्तै सुमधुर पदमार्गमा पर्दछ । हिन्दू, बौद्ध र बोन धर्मको अभ्यास र प्रचलनलाई नजिकसँग बुझ्ने मौकासमेत यस यात्राका क्रममा गर्न पाइन्छ ।

पदमार्गको अधिकांश हिस्सा विकट स्थानबाट गुज्रिए पनि कहीँकतै मोटर गुड्ने बाटो पनि भेटिने हुनाले आकस्मिक परिस्थितिका लागि पनि गाडीको सहजै व्यवस्थापन गर्न सकिन्छ । पदयात्रामा १० वर्षे जनयुद्धका क्रममा मुलुकले भोगेको घटनाक्रम पनि बुझ्न सकिन्छ । साथै, राजनीतिक विकासक्रमलाई बुझ्न पनि यो पदमार्ग गन्तव्य बन्न सक्छ । पाका पुरानाहरूबाट तत्कालीन समयमा भीडन्तका कथाहरू सुन्न पाइन्छ ।

त्यतिमात्रै होइन, स्याङ्जास्थित माझकोट मनकामनाबाट देखिने मनमोहक दृश्यले सबैको मन लोभ्याउँछ । संघीयतापछि तीनवटै तहका सरकारले गरेको विकासलाई नजिकबाट नियाल्न सकिन्छ । पूर्वाधार विकासमा भएको लगानीबाट बनेका मोटर गुड्ने बाटो, लिफ्टिङ प्रविधिमार्फत पानीको आपूर्ति र २४सै घण्टाको विद्युत् आपूर्तिका कारण गाउँमा पुगेको सुविधाले आएको परिवर्तनबारे जानकारी लिन पाइन्छ । पदमार्गमा झरना, खोला, गुफा, मन्दिर एवं विभिन्न भ्यु प्वाइन्टलगायतका आकर्षक पर्यटकीय गन्तव्यले थकाइ महसुस गर्न दिँदैनन् । मिलिनियम ट्रेककै नाममा नामाकरण गरिएको मिलिनियम गुफा, कैलाश गुफाजस्ता साना ठूला रमणीय गुफाहरू पदमार्गमै पर्छन् । बाइसे र चौबीसे राज्य हुँदाका दरबार र कोट तथा किल्लाका भग्नावशेष पनि पदमार्गमा अवलोकन गर्न पाइन्छ ।

नेपालको आधुनिक इतिहास खण्डमा नै बाइसे-चौबीसे राज्यकाबीच हुने निरन्तर युद्ध र आक्रमणका कारण यी क्षेत्रका डाँडामा धेरै दरबार तथा किल्ला बनाइएका थिए । आज ती दरबार, कोट र किल्ला सबै यस पदमार्गबीच ऐतिहासिक धरोहरको आकर्षणको भएर ठडिएको छ । यी ऐतिहासिक र पुरातात्त्विक महत्त्वका यी भग्नावशेषलाई स्थानीयवासीको जोडबलमा संरक्षण गरिँदै आएको छ ।

पदमार्गमा लोभ्याउने यस्तै ऐतिहासिक दरबार हो, भीरकोट दरबार । नेपालको आधुनिक इतिहासमै सफल कूटनीतिज्ञ मानिने ऋषिकेश शाहसँग जोडिएको यस भीरकोट दरबारको भग्नावशेषहरू आज पनि देख्न सकिन्छ । राज्यरजौटा उन्मूलन हुनुपूर्व राजकाज नै सम्हालेका हुनाले यस ठाउँका बासिन्दा विशेष आत्मीयता राख्छन् । माथिल्लो किल्लाबाट स्थानान्तरण गरी तल्लो फाँटमा लगेर शाहले नयाँ दरबार निर्माण गरेको भन्ने तथ्य स्थानीयहरूले भन्न छुटाउँदैनन् ।

हरिया पहाडको अत्यन्तै मनमोहक दृश्यावलोकन गर्न पाउनु यो पदमार्गको विशेषता नै हो । पदमार्गका कयौं ठाउँमा चट्टानैचट्टानले बनेका भीरहरू देख्दा जो कोहीको आङ जिरिङ हुन्छ । साहसिक पर्यटकका लागि गरिने प्याराग्लाइडिङ, क्यानोनिङ र रक क्लाइम्बिङ जस्ता गतिविधि पनि पदमात्रामा प्रशस्तै भेटिन्छन् । हाल व्यावसायिक रूपमा यस्ता गतिविधि नभए पनि साहसिक पर्यटन पारखीहरू भने ठाउँ-ठाउँमा रमाइरहेको देख्न सकिन्छ ।

भीरकोटको कोखे झरना र भीरकोटकै केगा देउरालीबाट हुने प्याराग्लाइडिङजस्ता साहसिक पर्यटकीय गतिविधिमा रम्न सकिने स्थानका रूपमा विकास हुँदै गइरहेको देखिन्छ । यस क्षेत्रमा चाँडै नै यसले व्यावसायिक रूप लिनसक्ने पनि देखिन्छ । पदमार्गमा साइकलिङ तथा मोटरबाइक एडभेञ्चरका लागिसमेत उपयोगी छ । केही वर्ष पहिले पनि यस पदमार्गमा साइक्लिङ प्रतियोगितासमेत गरिएको थियो । त्यसैले पनि नेपाल आउने विदेशी पर्यटकमाझ पदमार्गमा यात्रासँगै साहसिक गतिविधिमासमेत संलग्न गराउन सकिने यथेष्ट सम्भाव्यता छ ।

यो पदमार्ग चरा अवलोकनका लागि उच्च कोटीमा पर्दछ । त्यसो त सबैखाले पदमार्ग 'बर्ड वाचिङ'का लागि अत्यन्तै उपयुक्त भए पनि तनहुँको रायपुरबाट सुरु हुने चरा अवलोकन क्षेत्र विशेष मानिन्छ । स्याङ्जाको भैँसैगौंडा र चन्द्रकोट पनि चरा अवलोकनका लागि उपयुक्त थलो मानिन्छ । एक हजार ४०० देखि एक हजार ८०० मिटरसम्मको उचाइमा रहेका टाकुरामासमेत चराचुरुंगीको चिरबिर, लोभलाग्दो रङ र आकार नजिकैबाट देख्दा जोकोही मन्त्रमुग्ध नै हुने गर्दछन् ।

पदमार्गको अर्को आकर्षण हो, होमस्टे ट्रेक । यस पदमार्गमा प्रायः गुरुङ र मगर समुदायको बसोबास रहेको छ । स्याङ्जा नेपालको ग्रामीण पर्यटन तथा होमस्टे सुरुआत गर्ने अग्रणी जिल्लामा परिचित छ । यही घरवास पर्यटन अर्थात् होमस्टे यस पदमार्गको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । विशुद्ध गुरुङ तथा मगर बासस्थानमा पाउने आतिथ्यताले पदयात्रालाई विशेष बनाउँछ । प्रायः विदेशी यही संस्कृति र जीवनशैलीमा रम्नकै लागि यस पदमार्गमा आउँछन् । स्थानीय अर्ग्यानिक उत्पादनबाटै पर्यटकलाई खानपान गराइन्छ । स्वदेशी होस् या विदेशी यस प्रकारको स्वच्छ अन्न खान पाउँदा खुसी नै हुन्छन् । पदमार्गमा पर्ने चन्द्रकोट होमस्टे र साँधखोला होमस्टेमा देखाइने विभिन्न सांस्कृतिक नृत्यु र गीतले पदयात्राको थकान मेटाउँछ । सोराठी, घाँटु नाच, सालै जो, झचाउरे, झोर्रा नाच, कौडा नृत्य तथा कृष्ण चरित्रजस्ता संस्कृतिलाई यो 'मिलिनियम ट्रेक'मार्फत नजिकैबाट अवलोकन र अनुभव गर्न सकिन्छ ।

स्याङ्जाको कोल्माकोट र भैँसेगौंडा तथा सुन्तलाबारी-गहतेजस्ता स्थलमा मिलिनियम ट्रेक पदयात्रामार्फत आउने पर्यटकका साथै स्थानीयहरू पनि राम्रो उपस्थिति हुने गरेको पाइन्छ । यसको ज्वलन्त उदाहरण हो स्याङजाको कोल्माकोट । यहाँ व्यावसायिक रूपमा पर्यटकीय गतिविधि फस्टाउँदै गएकाले निजी तवरबाट आधुनिक तथा सुविधायुक्त लज तथा होटलमासमेत लगानी भएको छ । पदयात्रीलाई लक्षित गरी स्याङजाकै भैँसेगौंडामा सामुदायिक होमस्टे भवन बनाएर अत्याधुनिक लजसरह सुविधायुक्त बासको दिइरहेको पाइन्छ । पदमार्गको विभिन्न स्थलमा विकट गाउँदेखि आधुनिक सुविधायुक्त घरबासको व्यवस्था छ ।

नेपालभित्रको मध्यपहाडी पदयात्राका रूपमा विकसित यस ट्रेकले सामुदायिक स्तरमा सकारात्मक प्रभाव छाड्न सफल भएको छ । पदमार्गका विभिन्न गाउँहरू पर्दछन् । मिलिनियम ट्रेकसँग आबद्ध भएसँगै व्यापार र आयस्रोतको बाटो मात्र खुलेको छैन, यसले स्थानीयवासीमा सरसफाइमा ध्यान दिने, पाककला तथा शैलीमा रूपान्तरण गर्ने र विदेशी भाषासमेत सिक्ने मौका पाएका छन् । मिलिनियम ट्रेकसँग जोडिएसँगै पर्यटकीय पूर्वाधार विकासका निम्ति स्थानीय सरकार र प्रदेश सरकारकोसमेत नजरमा पर्ने भएको हुनाले जनस्तरमा यस पदमार्गको प्रभाव निकै सकारात्मक परेको देखिन्छ ।

यसैगरी पदमार्ग भएर गुज्रने विभिन्न छहरा तथा झरनामा क्यानोनिङ र विभिन्न भीर र पाखाहरूमा रक क्लाइमिङजस्ता साहसिक पर्यटन गतिविधिसमेत भइरहेको छ । प्याराग्लाइडिङ पनि यस ट्रेकमा पर्ने अर्को विशेषता हो । ढोरफिर्दी-माझकोट मनकामना ग्रामीण पर्यटन विकास समितिको सन् २००० मा राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरिएपछि यस पदमार्गको नामाकरण 'मिलिनियम ट्रेक' गरिएको हो । यस पदमार्गले सन् २०२५ मा रजत जयन्ती मनाउन लागेको छ । सशस्त्र युद्धकालको बीचमा सुरुआत भएको यो पदमार्गको प्रबर्द्धनमा त्यसपछिका दिनमा केही कम भएकोसमेत पाइन्छ । यद्यपि निरन्तरको प्रयास र दृढतामा जुझ्ने समुदायहरूले आजको दिनसम्म यस पदमार्गलाई सफल पार्न लागिपरेका छन् ।

विदेशी पल्टनबाट अवकाश लिएर फर्केका लाहुरे बादेखि वैदेशिक रोजगारको अनुभव बटुलेर गाउँमा नै केही गर्छु भन्ने युवाका लागि मिलिनियम ट्रेक विदेशी मुद्रा कमाउने अवसर बनेको छ । कूल ७२ किलोमिटर लामो यस पदमार्गले दिने मनमोहक अनुभव जिन्दगीभर यादगार रहनेगरी छाप बसाउन सफल रहेको छ । पदमार्गले सरकारी र निजी दुवै स्तरबाट विश्वबजारमा सगरमाथा र अन्नपूर्ण पदमार्गको जस्तै बजारीकरणको अपेक्षा गरेको छ । *रासस*

*(लेखक नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयमा कार्यरत छन्)*

## पत्र-मञ्जुषा

# कर छल्ने व्यवसायीलाई नै राज्यको सहुलियत !

विद्युत् प्रयोग गर्ने तर महसुल भुक्तानी नगर्ने उद्योगीहरूको संख्या बढ्दो छ । सरकारले पटक-पटक महसुल भुक्तानी गर्न आग्रह गर्दै आए पनि अधिकांश उद्योगीहरूले अहिले पनि वर्षौंदेखिको विद्युत् महसुल भुक्तानी गरेका छैनन् । उद्योगीहरूले विद्युत् महसुलबापतको खर्बौं रकम सरकारलाई भुक्तानी गर्न बाँकी छ ।

महसुल तिर्न बारम्बार आग्रह गरे पनि अटेरी गरेपश्चात् केही महिनाअघि नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल भुक्तानी नगर्ने उद्योगहरूमा लाइन नै काटिदियो । पछि उद्योग व्यवसायी महासंघले किस्ताबन्दी रूपमा महसुल भुक्तानी गर्ने भनेपछि प्राधिकरणले फेरि लाइन जोडिदिएको थियो । तर, अहिले पनि धेरै उद्योगीहरूले महसुल तिरेका छैनन् ।

सरकारको निर्देशन र कानुनलाई नै लत्याएर उद्योगीहरू विद्युत् महसुल भुक्तानी गर्न अटेरी गरिरहेका छन् । उद्योग व्यवसायी राज्यलाई कर तिर्दैनन् । कर तिर्नुपर्ने भएपछि विभिन्न बहाना बनाउँछन् । र, राजनीतिक आड लिन्छन् । सरकार पनि कर उठाउन सक्दैन । ठूलादेखि साना व्यापारीसमेत राज्यलाई कर तिर्दैनन् । राजनीतिक दलका नेताहरू सार्वजनिक कार्यक्रममा कसैले पनि कर छल्न नपाउने बताउँछन् ।

तर, पर्दाभित्र बसेर उनीहरूलाई उद्योगी, व्यापारीहरूसँग चन्दा उठाउँछन् । र, कर छल्न सहयोग गर्छन् । अर्थमन्त्री, प्रधानमन्त्री र उद्योगमन्त्री उद्योग व्यवसायीहरू जे-जे भन्छन्, त्यही गर्छन् । सत्तामा बसेकाहरू सरकारले सबैलाई करको दायरामा ल्याएको दाबी गर्छन् । यदि सरकारले मुलुकभित्र व्यापार, व्यवसायी गर्ने जोकोहीलाई पनि करको दायरामा ल्याएको हो भने सरकारी खर्च धान्न किन विदेशीसँग ऋण लिइयो ? किन नेपाली जनताको टाउकोमा २७ खर्ब विदेशी ऋण बोकाइयो ?

सरकारका सम्बन्धित निकायहरू कसले कर तिरेको छ वा छैन ? भनेर अध्ययन, अनुगमन गर्दैन । केही दिनअघि राजधानीको न्युरोडमा एउटा सटरको मासिक चार हजार रूपैयाँ भाडा लिइएको बाहिरियो । सो घरधनीले महानगर वा वडामा उक्त विवरण बुझाएको थियो । न्युरोडमा एउटै सटरको मासिक २० हजारदेखि १८ लाख रूपैयाँसम्म भाडा असुलिन्छ । यसरी राज्यलाई कर छल्न घरधनीहरूले सस्तोमा भाडामा लगाएको झूटो विवरण बुझाउने गरेका छन् ।

काठमाडौं उपत्यकामा एउटा सानो, अँध्यारो कोठाको मासिक पाँच हजारदेखि २० हजार रूपैयाँ तिर्नुपर्छ । एक फ्ल्याटको ३० हजारदेखि दुई लाख रूपैयाँ पर्छ । र, सटरको १८ लाखसम्म असुल्छन् घरधनीहरू । झन् खाली सटर त २० लाखदेखि ६० लाख रूपैयाँसम्ममा किनबेच हुन्छ ।

घरधनीहरूले एउटै घरमा करोडदेखि अर्बौं लगानी गरेका छन् । भाडामा लगाएर मासिक लाखदेखि करोड उठाइन्छ । तर, लगानी र आम्दानीबापतको राजस्व घरधनीहरू राज्यलाई तिर्दैनन् । एक पटक घर बनाएपछि सयौं वर्षसम्म केही पनि चेकजाँच गरिँदैन । यसले जोखिमपूर्ण घरसमेत घरधनीहरू भाडामा लगाएर मोटो रकम असुलिरहेका छन् ।

अब सरकारले घरको पनि छ/छ महिनामा चेकजाँच गर्नुपर्ने व्यवस्था मिलाउनुपर्छ । सँगै घर पनि घरेलु तथा कम्पनीमा दर्ता गराई पञ्जीकण गरिनुपर्छ । यस्तो नगर्ने घरधनीहरूलाई घर सम्पन्नताको प्रमाणपत्र नदिने वा राज्यबाट उपलब्ध हुने सेवासुविधाबाट वञ्चित गराउने नीति, नियम निर्माण गर्नुपर्छ ।

सरकारले ठाउँअनुसार जग्गाको मूल्य निर्धारण गरेको छ । आनाको एक हजारदेखि ६६ लाख ५० हजारसम्म मूल्य तोकिएको छ । जसअनुसार दुर्गम जिल्लामा जग्गाको सरकारी मूल्य आनाको एक हजार छ भने राजधानीको न्युरोडमा साढे ६६ लाख । अहिले दुर्गम जिल्लामा आनाको ३०/३५ लाखमा किनबेच भइरहेको छ । न्युरोडमा आनाकै १३/१४ करोडमा जग्गा खरिदबिक्री हुने गरेको छ ।

फेरि त्यो जग्गा नामसारी गर्ने समयमा तोकिएको सरकारी मूल्यको मात्र राजस्व बुझाइन्छ । यसले गर्दा पनि राज्यलाई हानिनोक्सानी पुगेको छ । पछिल्लो समय घरैपिच्छे पसल सञ्चालन भएको देखिन्छ । तर, अधिकांश व्यवसायीहरूले दर्ताविनै व्यवसाय सञ्चालन गरिरहेका छन् । यसतर्फ पनि सरकारको ध्यान गएको छैन । यता, निजी प्लेटको सवारीसाधन होस् या भाडाको ।

त्यस्ता गाडीमा तीन लाखदेखि २५ करोडसम्म लगानी गरिएको छ । एकले २५ करोडमा गाडी बेच्छ, अर्कोले किन्छ । तर, त्यो गाडी नामसारी गर्ने समयमा राज्यले जम्मा ८०० रूपैयाँ राजस्व पाउँछ । निजी प्लेटको होस् या भाडाको गाडीले लगानी गरेबापतको राजस्व राज्यलाई तिर्दैनन् । एउटै गाडीले दैनिक पाँच हजारदेखि ५० हजारसम्म कमाउँछन् । त्यसको पनि कर तिर्दैनन् ।

यातायात व्यवसायीसँग सरकारले विभिन्न शीर्षकमा लिनुपर्ने राजस्व तीन दशकदेखि बढेको छैन । यातायात क्षेत्रमा लामो समयदेखि सिण्डिकेट छ । हरियो/कालो प्लेटको ट्याक्सी, फो स्टक ट्याम्पो र ढुवानी गाडीको नयाँ दर्ता खुलेको छैन । यातायातमा एउटै व्यवसायीको रजगज चलिरहेको छ । खुल्ला प्रतिस्पर्धा हुन सकेको छैन । एकाधिकार कायमै छ ।

त्यसैले, अब सरकारले यातायात क्षेत्रमा भएको सिण्डिकेट व्यावहारिकरूपमै हटाउनुपर्छ । अहिले सिण्डिकेट हटेको केवल कागजमा सीमित छ । हरियो/कालो प्लेटको ट्याक्सी, फो स्टक ट्याम्पो र ढुवानी गाडीको नयाँ दर्ता खोलिनुपर्छ । यसो गरेमा नयाँ व्यवसायी थपिने छन् सँगै राज्यको ढुकुटीमा पनि अर्बौं राजस्व आउने छ ।

*– रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online




**काफल बेच्दै** | दाङ घोराहीको न्युरोड सडक किनारामा दुधे बालक काखमा राखेर काफल, काँक्रा तथा तरकारी बिक्री गर्दै रोल्पा रुन्टिगढी गाउँपालिका–४ स्थित सुर्पालकी विपना विक । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

## दुई दशकदेखि बेपत्ता शमशेर घर फर्किएपछि...

**बेलबारी (मोरङ)–** दुई दशकदेखि बेपत्ता मोरङको बेलबारी नगरपालिका-११ का शमशेरबहादुर कटुवाल घर फर्किएका छन् । स्थानीय तहको सक्रियतामा उनलाई घर फर्काइएको हो । शमशेरबहादुर फर्किएपछि कटुवाल परिवारमा खुसियाली छाएको छ ।

बेलबारी नगरपालिका-११ लक्ष्मीमार्गस्थित वडा कार्यालयमा ६६ वर्षीय कटुवाललाई सोमबार स्थानीय तहका जनप्रतिनिधिले उनको परिवारको जिम्मा लगाएको छ । कटुवाल भोजपुरको जरायोटारबाट २०६१ मा बेपत्ता भएका थिए । 'श्रीमान् भेटिनुहुन्छ भन्ने कल्पना नै गरेकी थिइन, उन जिउँदो हुनुहोला भन्ने आश मरिसकेको थियो,' शमशेरबहादुरकी श्रीमती सीताले भनिन् । शमशेरबहादुर र सीताको २०५० सालमा विवाह भएको थियो । दुवै जनाबाट छ सन्तान जन्मिए । 'कान्छो छोरो १० महिनाको हुँदा श्रीमान् बेपत्ता हुनुभयो, म एक्लैले छ सन्तान हुर्काएँ,' सीताले भनिन् । यसबीचमा परिवारको साथ नपाएपछि उनी माइतीको सहारामा झापाको केचना हुँदै हाल बेलबारीमा बस्दै आएकी छन् ।

शमशेरबहादुर बोल्न सक्दैनन् । उनी घाँटीको क्यान्सरबाट पीडित छन् । आर्थिक अवस्था कमजोर भएकाले उनको उपचार के कसरी गर्ने भन्नेबारे कटुवाल परिवार चिन्तित छ । कटुवालको उपचार गराउन सहयोग जुटाउन थालेको स्थानीय लक्ष्मी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष सुजय गौतम बताउँछन् । बिरामी भएपछि कटुवाल सम्पर्कमा आएका हुन् । धेरै मिहेनतपछि उनलाई घर फिर्ता ल्याउन सकिएको वडाध्यक्ष विक्रम राईले बताए । 'कटुवाललाई क्यान्सरबाट मुक्त गर्न सहयोग जुटाउने काम भइरहेको छ,' उनले भने । *रासस*

# टीकापुरको जोखिम संवेदनशील भू–उपयोग योजना निर्माण गरिँदै

**टीकापुर (कैलाली)–** कैलालीको टीकापुर नगरपालिकाको जोखिम संवेदनशील भू-उपयोय योजना निर्माण हुँदै छ । योजना निर्माणको तयारीसम्बन्धी प्रकोप जोखिम निर्धारणको प्रस्तुतीकरण तथा योजनाको मस्यौदामा भएका विषयवस्तुमाथि छलफल भएको छ । परामर्शदाता टोली नेता डा. सञ्जय उप्रेतीले नगरको बहुप्रकोप जोखिमको अवस्था अध्ययन गरी तयार गरिएको भू-उपयोग योजनाको मस्यौदा प्रस्तुत गरे । योजनामा नगरपालिकाले प्रत्येक वर्ष बहुप्रकोपको जोखिमको सामना गरिरहेको उल्लेख छ ।

भू-उपयोग योजनामा व्यापारिक क्षेत्र, मिश्रित आवीसय, संस्थागत क्षेत्रहरू, योजनाबद्ध आवासीय, विशेष विकास, संरक्षण, कृषि, औद्योगिक क्षेत्र समेटिएका छन् । प्रकोप अध्ययन गर्दा सडक पूर्वाधार, कृषि, जनसंख्या र भवन हेरेर, हरेक प्रकोप र जोखिम पक्ष विश्लेषण गरेर वडास्तरमा छलफल गरी नतिजा प्राप्त गरेको र क्षतिकोसमेत मूल्यांकन गरिएको परामर्शदाता उप्रेतीले बताए ।

'भू-उपयोग योजना २७ अध्ययनकर्ताले घरघरमा गएर तथ्यांक संकलन गरेका हुन्,' उप्रेतीले भने, 'योजनामा टीकापुर भूकम्पको उच्च जोखिममा, आगलागीको प्रकोपका दृष्टिले नगरका सबै वडा फरक-फरक जोखिमस्तरमा छन्, जसमा वडा नं १, ५ र ९ बढी संवेदनशील वडाका रूपमा पहिचान गरिएको छ ।' बाढीको जोखिम संवेदनशीलताको मूल्यांकन गर्दा वडा नं १ का केही बस्ती, वडा नं ५ र ७ का धेरै बस्ती, वडा नं ६ र ९ का दैलेखपुर तथा पायलगाउँजस्ता बस्ती अतिसंवेदनशील बस्तीका रूपमा पहिचान गरिएको छ । बहु प्रकोप जोखिम मूल्याकंनले वडा नं १ कम बहु प्रकोप जोखिममा देखिएको छ । वडा नं ८ उच्च जोखिम, वडा नं २, ५ र ६ मध्यम जोखिममा रहेको पहिचान गरिएको छ । यसकै आधारमा वडाको भूमिलाई पनि उच्च जोखिम, मध्यम जोखिम तथा न्यून जोखिम क्षेत्रमा वर्गीकरण गरिएको छ ।

परियोजनाले गरेको अध्ययनले वडा नं ६ र ९ विशेषगरी संकटासन्न रहेको देखाएको छ । वडा नं ६, ७ र ९ का लागि अल्पकालीन योजना लागू गरी वडा नं ६ मा खानेपानी आपूर्ति, सरसफाइ र सडक पहुँचमा सुधार गर्नुपर्ने देखिएको छ । वडा नं ७ र ९ मा पूर्वाधार स्तरोन्नति र उत्थानशीलताका लागि सामुदायिक तयारी बढाउनुपर्ने आवश्यकता रहेको बताइएको छ ।

कार्यक्रममा नगरप्रमुख रामलाल डगौरा थारुले योजनामा तालतलैया, रानीजमरा कुलाका शाखा उपशाखा कुला, झरन कुलालाई पनि समेट्न आवश्यक रहेको बताउँदै सबै कुरा समेटिएमा योजना बनाउन सहज हुने सुझाव दिए । नगरप्रमुख थारुले भू-उपयोग योजना भएमा पालिकालाई विकास निर्माणका कार्य गर्न, भौतिक संरचना निर्माण गर्न, सामाजिक विकासका क्षेत्रमा लगानी गर्न र विपद्को सामना गर्नका लागि सहज हुने बताए । *रासस*

# कक्षा ९ मा पढ्ने सबैलाई निःशुल्क साइकल

**झापा–** जिल्लास्थित झापा गाउँपालिकाले बीचमै पढाइ छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई निःशुल्क साइकल वितरण गर्दै आएको छ । पढ्न प्रोत्साहन गर्ने उद्देश्यले वि.सं. २०७५ देखि वर्षैपिच्छे कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई साइकल वितरण गरिँदै आइएको हो ।

गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अञ्जुकुमारी थपलियाले छ वर्षको अवधिमा एक हजारभन्दा बढी विद्यार्थीले पालिकाबाट अनुदानको साइकल पाएका जानकारी दिइन् । उनका अनुसार पालिकाभित्र पाँच वटा माध्यमिक विद्यालय छन् । यस वर्ष ३५३ वटा साइकल वितरण गरिएको पालिकाले जनाएको छ ।

जनता माविमा १३१, डिल्लीराज माविमा १३५, जनकल्याण माविमा ३५, कुवाडीदेवी माविमा २८ र महेन्द्र माविमा २४ वटा साइकल वितरण गरिएको कार्यवाहक अध्यक्ष थपलियाले जानकारी दिइन् । 'गाउँमा टाढाबाट पैदल विद्यालय आउनेले कक्षा ९ र १० मा पुगेपछि पढाइ बीचमा छाड्ने गरेको पाइएपछि साइकल बाड्ने कार्यक्रम ल्याएका हौं,' उनले भनिन्, 'साइकल पाएपछि उनीहरूले पढाइ छाडेका छैनन् । पढाइप्रति थप आकर्षण बढेको पाइएको छ ।'

वि.सं. २०७५ मा पालिकाले पहिलोपटक कक्षा नौ का छात्रालाई मात्र साइकल वितरण गरेको थियो । छात्राहरूले विद्यालय तहको शिक्षा अधुरो नछाडुन् भन्नका लागि प्रोत्साहनस्वरूप सुरु गरिएको साइकल वितरण कार्यक्रमले हरेक वर्ष निरन्तरता पाउँदै आएको छ ।

आदिवासी, मुस्लिम र अतिविपन्न परिवारको बाहुल्य रहेको यस पालिकामा 'साइकल वितरण कार्यक्रम' प्रभावकारी बनेको छ । 'शिक्षामा सबैको सहज पहुँच पुर्‍याउने यो कार्यक्रमको उद्देश्य हो,' पालिकाकी कार्यवाहक अध्यक्ष थपलियाले भनिन्, 'बिहान १० बजे विद्यालय लाग्छ । साइकल वितरण गर्न थाल्नुअघि केही विद्यार्थी १२ बजेसम्म विद्यालयमा आइरहन्थे । हिँडेर आउँदा ढिलो भएको बताउँथे । अहिले सबैले साइकल पाएका छन् । नियमित र समयमै विद्यालय आइपुग्छन् ।' उनले पालिकामा बीचैमा विद्यालय छाड्ने विद्यार्थीको संख्यामा पनि न्यूनीकरण भएको जानकारी दिइन् ।

आर्थिक वर्ष २०८०/८१ मा पालिकाले बजेटमा नै साइकल वितरणका लागि २९ लाख रूपैयाँ विनियोजन गरेको थियो । बोलपत्र आह्वानको पारदर्शी प्रक्रियाबाट साइकल खरिद गरिएको कार्यवाहक अध्यक्ष थपलियाले जानकारी दिइन् । उनका अनुसार पालिकाले शिक्षामा सुधार ल्याउने उद्देश्यले कक्षा ८ देखि १० सम्मका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क 'कोचिङ'को व्यवस्था, कक्षा १२ सम्म निःशुल्क शिक्षा र अन्य पालिकामा गएर प्राविधिक शिक्षा लिने विद्यार्थीलाई वार्षिक १२ हजार रूपैयाँका दरले छात्रवृत्ति वितरण गर्दै आएको छ ।

साइकल पाएका विद्यार्थीले पढाइप्रति आफ्नो र अभिभावक दुवैको लगाव बढाएको बताएका छन् । जनता माविमा कक्षा ९ मा अध्ययनरत किस्कु सन्थालले विद्यालयले दिएको साइकल चढेर पाँच किलोमिटर टाढाको घरबाट विद्यालय धाउन सुविधा भएको बताइन् । 'बुबाआमासँग साइकल किनिदिने पैसा थिएन,' उनले भनिन्, 'विद्यालय टाढा भएकाले पढाइ छाडेर बुवाआमाकै जस्तो कामधन्धामा लाग्ने कि भन्ने सोच पलाइसकेको थियो । अहिले साइकल पाएपछि नियमित विद्यालय गइरहेकी छु ।' उनले कक्षा १२ सम्मको पढाइ साइकलमै यात्रा गरेर पूरा गर्ने योजना बनाएको बताइन् । *रासस*

# इच्छाकामनाको चेपाङ बस्तीमा 'एक घर, एक धारा'

**चितवन (प्रस)–** चितवनको इच्छाकामना गाउँपालिका-२ को छापडाँडामा 'एक घर, एक धारा' अभियानअन्तर्गत सञ्चालित खानेपानी आयोजना सम्पन्न भएको छ । बुधबार एक कार्यक्रमका बीच सम्पन्न खानेपानी आयोजनाको गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले उद्घाटन गरे । चेपाङ समुदायको बसोबास रहेको छापडाँडाका ५५ घरमा धारा गरिएका छन् ।

त्यस अवसरमा अध्यक्ष गुरुङले बाँकी रहेका चेपाङ बस्तीमा पनि चाँडै धारा जडान हुने बताए । उनले गाउँपालिकाले सबै वडामा यो अभियान सञ्चालन गरिरहेको भन्दै चेपाङ बस्तीलाई पहिलो प्राथमिकतामा राखिएको जानकारी दिए । उनले छापडाँडा खानेपानी योजना सम्पन्न भएपछि पानी डोकोमा बोक्ने दिनको अन्त्य भएको बताए ।



गाउँपालिका, स्थानीय उपभोक्ता र वाइन टु वाटर नेपाल नामक संस्थाको साझेदारीमा खानेपानी आयोजना सम्पन्न भएको हो । करिब ९० करोड रूपैयाँ कूल लागतको आयोजना निर्धारित समयभन्दा अघिनै सम्पन्न भएको अध्यक्ष गुरुङले बताए । साझेदारी संस्थाको ६५, गाउँपालिकाको २५ र स्थानीयवासीको १० प्रतिशत श्रमदानबाट आयोजना सम्पन्न भएको हो ।

चेपाङ बस्तीमा सडक, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम भइरहेको जनाउँदै अध्यक्ष गुरुङले परिवार सुधार कार्यक्रमअन्तर्गत बस्तीलाई गाउँपालिकाले चेपाङ समुदायको उत्थानका निम्ति सक्दो सहयोग गरिरहेको बताए । यहाँ ५५ घरपरिवारसँगै समुदाय र विद्यालयमा पनि एक/एक वटा धारा जडान गरिएको छ । सात किलोमिटर टाढा रहेको मुहानबाट ल्याइएको पानीको टचाङ्कीबाट सोह्र घरपरिवारलाई लिफ्ट प्रविधिबाट पानी पुर्‍याइएको छ । यहाँ रहेका २३ घर परिवारका लागि शौचालय पनि निर्माण गरिएको छ । गाउँपालिकाका अन्य ठाउँमा पनि खानेपानीको योजना निर्माणको चरणमा रहेको गाउँपालिका उपाध्यक्ष माया सिलवालले जानकारी दिए । वडा नम्बर १ को चौकीडाँडा र वडा नम्बर ७ को दाहाखानी दुवै ठाउँमा लिफ्टिङ प्रविधिबाट खानेपानीको योजना कार्यान्वयनमा रहेको उनले बताए ।

वाइन टु वाटरकी राष्ट्रिय निर्देशक रोशनी कार्कीले त्रिपक्षीय साझेदारीमा गरिएको काम समयमै सम्पन्न भएकामा प्रशन्नता प्रकट गर्दैले आधारभूत सुविधामा पहुँच नपुगेका समुदायको जीवनस्तर उठाउन आफ्नो संस्था क्रियाशील रहेको बताइन् । वडाध्यक्ष पञ्चबहादुर प्रजाले गाउँमा श्रमदान गर्ने संस्कृति क्रमशः हराउँदै गएकामा चिन्ता व्यक्त गर्दै अन्य आयोजनामा पनि अनिवार्य श्रमदानको व्यवस्था गर्ने सोचमा आफू रहेको बताए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFANEEN DECORATION EST

पूर्व स्वीकृति मिति २०८१/०१/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०३ | LT. No. 299694 | चलानी नं. ६०२१४६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1200 | ४२७४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | PAINTER | 2 | 0 | 1200 | ४२७४६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ११ गते (23th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ZAYED GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/०४/११ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/०२/०३ | LT. No. : 289866 | चलानी नं. 60205231

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1100 | ४०३५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1400 | ५१३५६ | | | | | | | |
| 3 | Foreman | 5 | 0 | 2500 | ५१७०७ | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 2 | 0 | 1000 | ३६६८३ | | | | | | | |
| 5 | HEAVY VECHICLE DRIVER | 2 | 0 | 1900 | ६९६९७ | | | | | | | |
| 6 | LABOUR | 5 | 0 | 1000 | ३६६८३ | | | | | | | |
| 7 | MARBLE TECHNICIAN | 2 | 0 | 1100 | ४०३५१ | | | | | | | |
| 8 | Specialist Recruitment | 2 | 0 | 2500 | ५१७०७ | | | | | | | |
| 9 | SUPERVISIOR | 9 | 0 | 2500 | ५१७०७ | | | | | | | |
| 10 | tile maker | 1 | | 1100 | ४०३५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ११ गते (24th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Greenland Services Pvt. Ltd.
"A Complete Ethical Recruitment Agency"

श्रम ईजाजत नं. १५९३/०७९/०८०

Basundhara,Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com

## Mauritius मा वैदेशिक रोजगारको अवसर

कम्पनी : LONDON MON CHOISY SUPERMARKET LTD

पुर्व स्वीकृति मिति : २०८१/०२/०१ | LT. No. 304755 | चलानी नं. ६०२१९२२९६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BAKERY OPERATOR | 3 | 0 | 16500 | ४७५७६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2. | Packing Machine Operators | 15 | 0 | 16500 | ४७५७६ | | | | | | | |
| 3. | PASTRY MAKER | 3 | 0 | 16500 | ४७५७६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ११ गते (24th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSPIRE INTERNATIONAL TRADING AND CONTRACTING

पुर्व स्वीकृति मिति :२०८१/०२/०२ | LT. No. 304888 | चलानी नं. 60219621

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1100 | ४०,३५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1100 | ४०,३५१ | | | | | | | |
| 3 | electrician | 10 | 0 | 1100 | ४०,३५१ | | | | | | | |
| 4 | LABOUR | 15 | 0 | 1000 | ४०,३५१ | | | | | | | |
| 5 | MASON | 7 | 0 | 1100 | ४०,३५१ | | | | | | | |
| 6 | PAINTER | 5 | 0 | 1100 | ४०,३५१ | | | | | | | |
| 7 | REINFORCE FITTER | 9 | 0 | 1100 | ४०,३५१ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति २०८१ जेठ ११ गते (24th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Asia Link Services Pvt. Ltd.

श्रम ईजाजत नं ११९/०५५/०५६

Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 9817961880, 9851116133, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

### माया गरौं भन्दैछिन् प्रतिक्षा

सामाजिक जीवनको वास्तविक कथालाई भिडियोमा उतारिएको 'मायाँ गरौं' गीतको भिडियोमा अहिलेकी व्यस्त मोडल प्रतिक्षा काफ्लेको जीवन्त अभिनय देख्न सकिन्छ । गीतकार रमा थापाको शब्द, संगीत रहेको गीतमा अनु चौधरी र किरण भुजेको स्वर समेटिएको छ। सोनित राज ढुंगेल, प्रतिक्षा काफ्ले, हरी ठकुरी, अपेक्षा नगरकोटी आदिको अभिनय रहेको भिडियो रविराज गुप्ताले खिचेका हुन् भने राज लुईटेलको निर्देशन रहेको छ ।






# जेठ १६ देखि शिल्पी थिएटरमा नाटक 'अग्निचक्षु' मञ्चन हुने

■ प्रभाव संवाददाता




**काठमाडौं–** नाटक 'अग्निचक्षु' यही जेठ १६ गतेदेखि काठमाडौंको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा मञ्चन हुने भएको छ । साइलेन्ट एक्टको प्रस्तुतिमा मञ्चन हुने यो नाटक जीवित देवी कुमारीको विषयमा आधारित छ ।

संस्कृतिभित्र लुकेका धार्मिक, सामाजिक, ऐतिहासिक तथा जीवन दर्शनका कुराहरू समेटेर नाटक तयार भएको लेखक चन्द्रप्रसाद पाण्डेय बताउछन् । उनी भन्छन्– 'कला र संस्कृति राष्ट्रको अमूल्य सम्पत्ति हो । यसको संरक्षण गर्नु हामी सबैको दायित्व हो । राज्य तथा नारी शक्ति पुञ्जको रूपमा कुमारीलाई सबैले मान्दै आएको परम्परा नेपालको धरोहर सम्पदा हो । गौतम बुद्धको जन्मथलो, विश्वको सर्वोच्च शिखर सगरमाथाको देश अनि जीवित देवी कुमारी पुज्ने देशको रूपमा नेपाल विश्वमा परिचित छ, त्यसैले पनि संस्कृतिमाथि काम गर्ने क्रममा हामीले यस पटक यो विषयमा नाटक तयार पारेका हौं ।'

त्यस्तै नाटकका परिकल्पनाकार तथा निर्देशक झकेन वि सी कुमारीको ऐतिहासिक विषयवस्तुमाथि नाटक बनाउन पाउँदा आफू धेरै खुसी भएको बताउछन् ।

नाटकमा कलाकारहरू मञ्जु श्रेष्ठ, सङ्गीता उराँव, हेना नगरकोटी, कृष्णभक्त महर्जन, सविन कट्टेल, श्रीशेष श्रेष्ठ, धिरज थापा मगर, शान्ता प्रजापति, राजेन्द्र डंगोल, चक्र प्रसाद पोखरेल रहेका छन् । सङ्गीत परिकल्पना तथा संयोजन अनुप तिमिल्सिनाको रहेको छ भने अनुपसँगै प्रत्यक्ष सङ्गीतमा शर्मिला गुरुङ, इन्द्रमान महर्जन, प्रतीक प्रजापति रहेका छन् भने कोरियोग्राफी जे.डी. तमुको रहेको छ ।

# चलचित्र पत्रकारलाई सम्मान तथा पुरस्कार घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र पत्रकार सङ्घ नेपालले यही जेठ ७ गते आफ्नो २५ औं वार्षिकोत्सवको अवसर पारेर सात जना चलचित्र पत्रकारहरूलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने भएको छ ।

अध्यक्ष समीर बलामीको अध्यक्षतामा मंगलबार बसेको सङ्घको केन्द्रीय कार्यसमिति बैठकले उक्त निर्णय गरेको हो । सङ्घका महासचिव रघुनाथ सापकोटाले एक विज्ञप्ति जारी गर्दै पुरस्कार तथा सम्मानको जानकारी दिएका हुन् । विज्ञप्तिमा उल्लेख गरिए अनुसार पत्रकार विदुर गिरीलाई 'राष्ट्रिय चलचित्र पत्रकारिता रजत सम्मान-२०८१', कृष्ण भट्टराई र राज श्रेष्ठलाई 'राष्ट्रिय चलचित्र पत्रकारिता सम्मान-२०८१' प्रदान गरिनेछ । जेठ ७ गते सोमवार नक्सालमा आयोजना गरिने एक विशेष समारोहमा दाङ कार्यक्षेत्र भएका पत्रकार शिव पुनलाई राष्ट्रिय मोफसल चलचित्र पत्रकारिता पुरस्कार-२०८१ र मदन रिजाललाई राष्ट्रिय चलचित्र पत्रकारिता प्रोत्साहन पुरस्कार २०८१ बाट पुरस्कृत गरिँदै छ । सोही समारोहमा सुरज खड्का तथा अशेष अधिकारी राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कार २०८१ बाट पुरस्कृत हुने । पुरस्कारमा नगद सहित सम्मान पत्र रहेको छ ।

# ओटीटीमा 'चपली हाइट-३'

■ प्रभाव संवाददाता



**काठमाडौं–** कोरोना सङ्क्रमणको जोखिमको समयमा हलमा प्रदर्शनमा आएको नेपाली फिल्म 'चपली हाइट-३' ओटीटी प्लेटफर्म सिनेमा घर एपमा रिलिज भएको छ । मंगलबारदेखि यो फिल्म विश्वभरबाट सिनेमा घर एपको प्रयोग गरी हेर्न सकिने भएको हो ।

२०७८ पुस ३० गते सिनेमा हलमा प्रदर्शन भएको तथा तीन दिनमा नै कोभिड-१९ को महामारीले हलहरू बन्द भएपछि यो फिल्म दोस्रो पटक फागुन २०७८ मा रिलिज भएको थियो । उक्त समयमा पनि फिल्मले दर्शक पाएन । निकेश खड्काद्वारा निर्देशित यो फिल्ममा स्वस्तिमा खड्का, अर्पण थापा, महेश त्रिपाठी, लक्ष्मी वर्देवा, आमिर गौतम, प्रतिकमान श्रेष्ठ, दीपाश्री निरौला लगायतको अभिनय छ ।

सस्पेन्स-थ्रिलर जनरामा बनेको यो फिल्म चपली हाइट सिरिजको तेस्रो शृङ्खला हो । यसअघि सिनेमा घर एपमा जय भोले, कबड्डी-४, महापुरुष, जारी, 'पानी फोटो जस्ता रिलिज भैसकेका छन् ।

# सुटिङका क्रममा पल शाह घाइते

**काठमाडौं (प्रस)–** फिल्म 'रावायण'को छायांकनको क्रममा अभिनेता पल शाह घाइते भएका छन् । सर्लाहीको लालबन्दी जंगल क्षेत्रमा जारी छायांकनमा फिल्मको एक्सन दृश्य खिच्दै गर्दा पलको हातमा चोट लागेको बताइएको छ । यता यस विषयमा अभिनेता आफैंले पनि सामाजिक सञ्जालमा भिडियो सेयर गर्दै जानकारी दिएका छन् ।






पलले लेखेका छन्, 'रावायणको छायांकन सेटमा सामान्य घाइते' । उनले सेयर गरेको उक्त भिडियो हेर्दा स्थानीय स्वास्थ्य केन्द्रमा हातको उपचार भएको र उपचारपछि उनको हातमा पट्टि बाँधिएको छ । निर्माण टिमबाट प्राप्त जानकारी अनुसार चोट गहिरो रहेको र त्यसमा टाँका नै लगाउनु परेको बताइएको छ ।



## ललितपुर मेयर्स कप क्रिकेट

# एपिएफको लगातार चौथो जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** ललितपुर मेयर महिला टी-२० क्रिकेट च्याम्पियनसिपमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले आफ्नो विजय यात्रा जारी राखेको छ । कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा बिहीबार खेलिएको खेलमा एपीएफ क्लबले सुदूरपश्चिम प्रदेशलाई तीन विकेटले हरायो ।

जारी प्रतियोगितामा एपीएफ क्लबको यो लगातार चौथो जित हो । चार खेलबाट नौ अंक बटुलेको एपीएफ क्लब यसअघि नै प्रतियोगिताको फाइनलमा पुगिसकेको छ । एपीएफ क्लबसँग पराजित भएपछि सुदूरपश्चिम प्रदेशले भने फाइनलमा पुग्न प्राविधिक रूपमा थप प्रतिक्षा गर्नुपर्ने भएको छ । सुदूरपश्चिम प्रदेशले तीन खेलबाट चार अंक जोडेको छ । सुदूरपश्चिम प्रदेशले लिग चरणको आफ्नो अन्तिम खेल शुक्रबार बागमती प्रदेशसँग खेल्नेछ । ललितपुर मेयर-११ भने तीन खेलबाट दुई अंक जोड्दै तेस्रो स्थानमा छ ।

ललितपुर मेयरले बिहीबार नै कोशी प्रदेशसँग आफ्नो अन्तिम खेल खेल्दैछ । तीन खेलबाट दुई अंक जोडेको बागमती प्रदेश तालिकाको चौथो स्थानमा छ । बागमती प्रदेशले लिग चरणको अन्तिम खेल शुक्रबार सुदूरपश्चिमसँग खेल्नेछ । कोशी प्रदेशले भने तीनवटै खेलमा पराजित भएको छ ।

बिहीबारको खेलमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिम प्रदेशले निर्धारित ओभरमा पाँच विकेट गुमाएर एक सय ११ रन बनायो । जवाफी ब्याटिङमा ओर्लिएको एपीएफ क्लबले भने १९.४ ओभरमा सात विकेट गुमाएर विजयलक्ष्य पुरा गऱ्यो ।

एपीएफ क्लबको जितमा ममता चौधरीले अविजित ३२ र रोमा थापाले २३ रन बनाए । सरिता मगरले पनि १९ रन जोडिन् । ओमनर राजमती ऐरीले ११ रन बनाइन् । एपीएफ क्लबले अतिरिक्त रूपमा पनि १२ रन पाएको थियो ।

सुदूरपश्चिम प्रदेशका बलर लक्ष्मी साउदले दुई तथा जानकी थापा, कविता जोशी, रितु कनौजिया, स्नेहा मिश्र र बिन्दू रावलले एक-एक विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको सुदूरपश्चिम प्रदेशका लागि कप्तान बिन्दू रावलले ३६ रन बनाएकी थिइन् ।

सुदूरपश्चिम प्रदेशका लागि कविता जोशीले अविजित २९ रन जोडिन् । ओपनर रुबी पोद्दारले पनि २९ रन बनाइन् । सुदूरपश्चिम प्रदेशले अतिरिक्त रूपमा ११ रन पायो । एपीएफ क्लबका बलर रेखा रावल र ईन्दू बर्माले एक-एक विकेट हात पारे । ममता चौधरी प्लेयर अफ दी म्याच घोषित भइन् ।

# अरहन्त, अमिर, बिपना र स्वस्थानी फाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अरहान्त केशर सिंह र अमिर ब्लोन बिहीबार एनएसआरए राष्ट्रिय र्याङकिङ स्क्वास प्रतियोगिताको फाइनलमा पुगेका छन् ।

नेपाल स्क्वास एन्ड ऱ्याकेट्स संघको आयोजनामा भइरहेको प्रतियोगिताको महिला एकलमा बिपना ब्लोन र स्वस्थानी श्रेष्ठ उपाधि भिडन्तमा पुगे । सातदोबाटोस्थित स्क्वास हलमा भएको पहिलो सेमिफाइनलमा बिपनाले चिरपरिचित प्रतिद्वन्द्वी कृष्णा थापालाई चार सेटमा ११-३, ९-११, ११-५ र ११-६ ले हराइन् ।



अर्को सेमिफाइनलमा लिग चरणमा शीर्ष स्थानमा रहेर नकआउटमा पुगेकी स्वस्थानीले अस्मिता नगरकाटीको चुनौती सजिलै ११-७, ११-२ र ११-२ ले समाप्त पारिन् । यसअघि, पुरुष एकल सेमिफाइनलमा अरहान्तले पासाङ ब्लोनलाई सीधा सेटमा ११-६, ११-६ र ११-५ तथा अमिरले दीपक थापालाई चार सेटमा १४-१२, ४-११, ११-९ र ११-९ ले पराजित गरे ।

हरेक वर्ष वरीयता छुटाउन भइरहेको यो प्रतियोगिताको समापन शुक्रबार हुनेछ । यस प्रतियोगिताबाट प्राप्त वरीयता २०८१ सालको चैत महिनासम्म रहनेछ ।

# पारा तेक्वान्दो टोली भियतनाम जाने

**काठमाडौं (प्रस)–** नेपाली खेलाडीले भियतनाममा आयोजना हुने नवौं एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप (जी-४) मा सहभागिता जनाउने भएका छन् । प्रतियोगितामा सहभागी हुन तीन खेलाडीसहित चार सदस्यीय नेपाली टोली शुक्रबार भियतनामको दनाङ प्रस्थान गर्नेछ ।

टोलीलाई बिहीबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरे । सदस्यसचिव घिसिङले खेलाडीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिँदै विदेशी प्रशिक्षक झिकाउन नेपाल तेक्वान्दो संघले तदारुकता देखाउनुपर्नेमा जोड दिए । प्रतियोगितामा पलेशा गोवर्धनले महिला ५७ केजीमुनि, भरतसिंह महताले पुरुष ५८ केजीमुनि र अमिर झ्लोनले पुरुष ६३ केजीमुनिको तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन् । नेपाली टोलीको प्रशिक्षकमा कविराज नेगी लामा रहेका छन् । प्रतियोगितामा ३१ राष्ट्रका खेलाडी सहभागी हुने बताइएको छ ।

पलेशाले छनोट चरण पार गरेर पेरिस पारा ओलम्पिकमा सहभागिता निश्चित गरिसकेकी छिन् । छनोट चरण पार गरेर पारा ओलम्पिकमा सहभागिता पक्का गर्ने पलेशाले पहिलो र एकमात्र नेपाली खेलाडी पनि हुन् ।

## मिल्स कप क्रिकेट

# भारतीय क्लबलाई हराउँदै एनबीएससी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** विराटनगरको एनबीएससी क्रिकेट क्लब विराटनगरमा जारी 'मिल्स कप टी-२० क्रिकेट प्रतियोगिता' का सेमिफाइनलमा पुगेको छ । मिल्स कपको यो तेस्रो संस्करण हो ।

एनबीएससी क्रिकेट क्लबले बिहीबार खेलिएको पहिलो क्वार्टरफाइनल खेलमा भारत जोगवनीको प्रशान्त क्रिकेट क्लबलाई एक सय ३३ रनको फराकिलो अन्तरले हरायो ।

एनबीएससी क्रिकेट क्लबले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा आठ विकेट गुमाएर दुई सय दुई रन बनाएको थियो । एनबीएससी क्रिकेट क्लबका लागि अनुभव श्रीवास्तव र राहुल चौधरीले अर्धशतकीय पाली खेले ।

अनुभवले ४१ बलमा ६ छक्का र ६ चौका हिर्काउँदै ६६ रन बनाए । राहुलले ३१ बलमा पाँच छक्का र ६ चौकाको मद्दतले ६० रन बनाए । राहुल प्लेर अफ दी म्याच पनि घोषित भए । कुनल किशोरले पनि टोलीको खातामा २९ रन थपे । रिसप रञ्जनले २४ रन बनाए ।

जोगवनीका बलर आशिक राजाले चार ओभरमा १९ रन खर्चिएर तीन विकेट लिए । उत्तम यादवले पनि दुई विकेट हात पारे । जवाफी ब्याटिङमा ओर्लिएको जोगवनीले १३.३ ओभरमै अलआउट हुनुअघि ६९ रनमात्र बनाउन सक्यो ।

जोगवनीका लागि राजा बाबुले सर्वाधि २४ रन बनाए । उत्तम यादवले १७ रन जोड । जोगवनीका अन्य ब्याट्सम्यानले भने दोहोरो अंकमा रन बनाउन सकेनन् । एनबीएससीका बलर आदित्य झा र राहुलले कसिलो बलिङ गरे ।

अदित्यले चार ओभरमा १३ रन खर्चिएर चार विकेट लिए । राहुलले पनि चार ओभरमा १९ रन खर्चिएर चार विकेट लिए । शुक्रबारको पहिलो खेल वाईआरसी क्रिकेट क्लब विराटनगर र सुनसरी क्रिकेट क्बल तथा दोस्रो खेल दिल्ली र कटियार क्रिकेट क्लबबिच हुनेछ ।




एक यात्रुले विमानबाट लिइएको एरियल सटमा देखिएको भारतको लद्दाख क्षेत्रमा अवस्थित हिमालको दृश्य । *तस्बिरः एएफपी*

# रुसी राष्ट्रपति पुटिन चीनमा

**बेइजिङ (चीन)–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आफ्नो दुई दिने राजकीय भ्रमणका लागि चीन आइपुगेको सिएनएनले जनाएको छ । मस्को र बेइजिङबीचको सम्बन्ध प्रगाढ बनाउन उनी बिहीबार बिहान यहाँ आइपुगेका हुन् ।

राष्ट्रपतिको रूपमा नयाँ कार्यकाल प्रारम्भ गरेपछि पुटिनको यो पहिलो प्रतीकात्मक विदेश भ्रमण हो । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले देशको उत्तर-पूर्वी खर्सिभ क्षेत्रमा रुसको आक्रमणका विरुद्ध आफ्नो सेनाले प्रतिरक्षा गरिरहेको बेला आगामी सबै अन्तर्राष्ट्रिय भ्रमणहरू रोक्ने घोषणाको केही घण्टापछि रुसी राष्ट्रपति पुटिन चीनको राजधानी बेइजिङ आइपुगेका हुन् ।

सिएनएनका अनुसार चीनियाँ राष्ट्रपति सी चिनफिङ र रुसी



राष्ट्रपति पुटिनको बैठकमा रुस-युक्रेन द्वन्द्व, गाजा युद्धको छलफलसँगै दुई देशबीचको व्यापार, सुरक्षा र ऊर्जा सम्बन्ध बिस्तार गर्ने विषयमा पनि छलफल हुने अपेक्षा गरिएको छ ।

भ्रमण अगावै राष्ट्रपति पुटिनले चिनियाँ समाचार संस्था सिन्ह्वासँगको अन्तर्वार्तामा दुई देशबीचको रणनीतिक साझेदारीको प्रशंसा गरेका थिए । उनले दुई देशबीच विदेश नीति समन्वयलाई सुदृढ पार्ने, उद्योग र उच्च प्रविधि, बाह्य अन्तरिक्ष र आणविक ऊर्जा, कृत्रिम बुद्धिमता, नवीकरणीय ऊर्जा र अन्य क्षेत्रको प्रयोगको सहकार्यलाई मजबुद बनाउने लक्ष्य राखेको बताए ।

यसै क्रममा राष्ट्रपति पुटिनले चीनको युक्रेन संकट समाधान गर्ने दृष्टिकोणको पनि प्रशंसा गरेका थिए । दुवै नेताले रुस-युक्रेन द्वन्द्व सुरु भएदेखि नै आफ्नो देशको कूटनीतिक, व्यापार र सुरक्षा सम्बन्धलाई बलियो बनाउने पहल जारी राखेका छन् । भेटमा दुवै नेताले द्विपक्षीय सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको रुसी क्रेमलिनले जनाएको छ । चिनियाँ समाचार एजेन्सीले वर्णन गरेअनुसार चीन र रुसले आफ्नो कूटनीतिक सम्बन्धको ७५ वर्ष मनाउँदै छन् ।

बेइजिङमा राष्ट्रपति सीसँगको भेटबाहेक पुटिनले रुसको सुदूरपूर्वको सिमानामा रहेको चीनको उत्तर-पूर्वी हेइलोंगजियाङ प्रान्तको राजधानी हार्बिनको पनि भ्रमण गर्ने योजना रहेको स्रोतले बताएको छ । *एएनआई/रासस*

# स्लोभाक प्रधानमन्त्री फिकोमाथि भएको आक्रमण कायरतापूर्ण कार्य : मोदी

**नयाँदिल्ली–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि भएको गोली प्रहारलाई 'कायरतापूर्ण र डरलाग्दो कार्य' भएको निन्दा गर्दै प्रधानमन्त्री फिकोको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

'स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि गोली प्रहारको खबरले गहिरो आघात लाग्यो । म यो कायरतापूर्ण कार्यको कडा निन्दा गर्दछु र प्रधानमन्त्री फिकोको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । भारत स्लोभाक गणतन्त्रका जनतासँग एकतामा उभिएको छ,' सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री मोदीले भने ।



स्लोभाकियाका चौथोपटक प्रधानमन्त्री रहेका रोबर्ट फिको बुधबार (स्थानीय समय) ह्यान्ड्लोभामा गोली प्रहारमा परी घाइते भएका स्थानीय पत्रिका द स्लोभाक स्पेक्टेटरले जनाएको छ । आक्रमणपछि उनलाई अस्पतालमा भर्ना गरिएको थियो ।

प्रधानमन्त्री फिको मानिसहरूलाई भेट्न निस्किँदा घटनास्थलमा गोली प्रहार गरिएको थियो भने आरोपित आक्रमणकारीलाई घटनास्थलमै पक्राउ गरिएको थियो र उक्त क्षेत्र खाली गराइएको थियो । प्रत्यक्षदर्शीका अनुसार प्रधानमन्त्री फिको उनलाई स्वागत गर्ने मानिसहरूलाई भेट्न बाहिर आएपछि गोलीको आवाज सुनिएको थियो । त्यसपछि फिकोलाई रगतमा लतपतिएको अवस्थामा भुइँमा लडेको पाइएको थियो । यो घटना ह्यान्डलोभामा भएको सरकारी बैठकपछि भएको हो र घटनापश्चात प्रधानमन्त्री फिकोलाई तुरुन्त अस्पतालमा भर्ना गरिएको थियो ।

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले घटनाको बारेमा सुनेर आफू 'स्तब्ध' भएको बताए । 'यो भयानक समाचार सुनेर स्तब्ध भएँ । हामी प्रधानमन्त्री फिको र उनको परिवारको साथमा छौं,' सामाजिक सञ्जाल एक्समा प्रधानमन्त्री सुनकले लेखेका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले स्लोभाकियाका प्रधानमन्त्रीविरुद्ध हिंसाको निन्दा गरेका छन् । 'स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि भएको आक्रमण भयावह छ । हामी हाम्रो छिमेकी साझेदार राज्यको सरकारका प्रमुखविरुद्धको हिंसाको कडा निन्दा गर्दछौं,' जेलेन्स्कीले सामाजिक सञ्जालमा लेखेका छन् । रासस/एएनआई

# बेलायतमा नौ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि यौन शिक्षामा प्रतिबन्ध लगाइने

**लन्डन–** बिहीबार प्रकाशित हुने नयाँ सरकारी प्रस्तावअनुसार इंगल्यान्डका विद्यालयहरूमा नौ वर्षभन्दा कम उमेरका बालबालिकालाई यौन शिक्षा र लिंग पहिचान शिक्षामाथि प्रतिबन्ध लगाइने भएको छ ।

यसले प्राथमिक उमेरका स्कुले बालबालिकाका लागि पाठको विषयवस्तुमा चिन्ता दर्शाएको शिक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ । 'आफ्ना बालबालिकालाई विद्यालय पठाउँदा उनीहरूलाई सुरक्षित राखिन्छ र बालबालिकाको उमेरका लागि अनपयुक्त विचलित सामग्रीको सम्पर्कमा आउँदैनन भन्नेबारे अभिभावकले भरोसा गरेका हुन्छन्,' कन्जरभेटिभ प्रधानमन्त्री ऋषि सुनकलाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ, 'त्यसैले गत वर्ष हाम्रा कक्षाहरूमा यस्तो भएको खबर सुनेर म भयभीत भएको थिएँ ।'

नौ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि यौन शिक्षामाथि प्रतिबन्धका साथै लिंग पहिचानको विवादित सिद्धान्त पनि नपढाइने मन्त्रालयले बताएको छ । गत महिना लैंगिक पहिचानका मुद्दाहरूसँग जुधिरहेका युवाहरूलाई नारी बनाउने हर्मोन उपचारहरू सिफारिस गर्नमा 'अत्यन्त सावधानी' उपाय चाल्न आग्रह गर्ने गत महिना भएको ऐतिहासिक समीक्षापछि यस्तो कदम चालिएको हो ।

नयाँ प्रस्तावमा आत्महत्या रोकथाममा थप सामग्री र अनलाइन आत्मक्षतिलाई बढाउने सामग्री हेर्ने जोखिमहरू पनि समावेश हुने छ । प्रस्ताव नौ साताको परामर्शको अधीनमा हुने छ र अन्तिम रूप दिइएपछि वैधानिक हुने छ । *रासस/एएफपी*

# जलवायु परिवर्तनले बैंकककाे स्थानान्तरण बाध्य पार्न सक्ने अधिकारीहरूको चेतावनी

**बैंकक–** थाइल्यान्डले बढ्दो समुद्री सतहका कारण आफ्नो राजधानी बैंकक स्थानान्तरण गर्ने विचार गर्नुपर्ने देशको जलवायु परिवर्तन विभागका एक वरिष्ठ अधिकारीले बुधबार बताएका छन् ।

बैंकक शताब्दीको अन्त्यअघि समुद्रले डुबानमा पर्ने जोखिम रहेको लगातारको अनुमानले देखाइरहेको छ । व्यस्त राजधानीको धेरैजसो भाग वर्षाका मौसममा बर्सेनि बाढीसँग जुधिरहेको छ । जलवायु परिवर्तन तथा वातावरण विभागका उपमहानिर्देशक पाभिच केसावाओङले सहरले हालको तापक्रमको मार्गमा विश्वसँग अनुकूलन गर्न नसक्ने चेतावनी दिए ।

'मलाई लाग्छ कि हामी पहिले नै १.५ डिग्री सेल्सियसभन्दा माथि छौं, अब हामीले अनुकूलनका बारेमा सोच्नुपर्छ,' पूर्वऔद्योगिक स्तरबाट विश्वव्यापी तापक्रममा भएको वृद्धिलाई उल्लेख गर्दै उनले एएफपीलाई भने, 'यदि हामी हाम्रो वर्तमान परिस्थितिमा रहिरहयौं भने बैंकक पानीमा डुबिसकेको हुनेछ भन्ने मलाई लाग्छ ।'

बैंकक सरकारले नेदरल्यान्ड्समा प्रयोग भएजस्तै बाँधहरूको निर्माण गर्ने उपायहरू खोजिरहेको छ । छलफल काल्पनिक भए पनि मुद्दा जटिल भएकोमा जोड दिँदै पाभिचले भने, 'हामीले स्तानान्तरणबारे सोच्दै आएका छौं, व्यक्तिगत रूपमा मलाई



थाइल्यान्डले सन् २०५० सम्ममा कार्बन तटस्थता र सन् २०६५ सम्ममा शुद्ध–शून्यको लक्ष्य राखेको छ । *रासस/एएफपी*

यो राम्रो विकल्प लाग्छ, त्यसैले हामीले राजधानी, सरकारी क्षेत्र र व्यापारिक क्षेत्रहरू अलग गर्न सक्छौं ।'

थाइल्यान्डले गर्मी र खडेरीसँग संघर्ष गरिरहेका किसानदेखि लिएर कोरल ब्लिचिङ र प्रदूषणबाट प्रभावित पर्यटन व्यवसायसम्म विभिन्न क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव झेलिरहेको छ । हालैको कोरल ब्लिचिङको प्रतिक्रियामा यसले धेरै राष्ट्रिय निकुञ्जहरू बन्द गरेको छ । पाभिचले थप निकुञ्ज बन्द हुने सम्भावना रहेको बताए । 'हामीले हाम्रो प्रकृतिलाई जोगाउनुपर्छ, त्यसैले हाम्रा स्रोतहरूको रक्षा गर्न हामी कुनै पनि उपाय अवलम्बन गर्नेछौं,' उनले भने । यद्यपि विशेषगरी थाइल्यान्डको उत्तरमा वायु प्रदूषणको बढ्दो समस्यालाई सम्बोधन गर्ने सरकारी प्रयासले अझै प्रतिफल दिन नसकेको पनि पाभिचले स्वीकार गरे ।

मन्त्रिपरिषद्ले यस वर्ष स्वच्छ हावामा केन्द्रित एउटा विधेयकलाई अनुमोदन गरेको तथा राष्ट्रिय निकुञ्जका अधिकारीहरूले संरक्षित क्षेत्रहरूमा आगलागी रोक्न र निभाउने प्रयासहरू बढाएको पाभिचले बताए । पाभिचले कार्बन मूल्य निर्धारण र न्यूनीकरणदेखि लिएर अनुकूलन उपायहरूसम्म सबै कुराको प्रावधान समावेश रहेको विधेयक यस वर्ष कानुनमा पारित हुने सम्भावना रहेको बताए । *रासस/एएनआई*


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HHM BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/०३ | LT. No. 304245 | चलानी नं. 60219644

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumber | 10 | 0 | 1100 | ४००१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chargehand Electrical | 6 | 0 | 2200 | ८००२१ | | | | | | | |
| 3 | Ductman | 10 | 0 | 1500 | ५४५६० | | | | | | | |
| 4 | ELECTRICAL HELPER | 8 | 0 | 1000 | ३६३७३ | | | | | | | |
| 5 | electrician | 70 | 0 | 1500 | ५४५६० | | | | | | | |
| 6 | Foreman Electrical | 2 | 0 | 3000 | १०९१२० | | | | | | | |
| 7 | HVAC Technician | 30 | 0 | 1500 | ५४५६० | | | | | | | |
| 8 | Insulator | 5 | 0 | 1500 | ५४५६० | | | | | | | |
| 9 | MEp Helper | 10 | 0 | 1000 | ३६३७३ | | | | | | | |
| 10 | PLUMBER | 30 | 0 | 1500 | ५४५६० | | | | | | | |
| 11 | Plumbing Charge Hand | 6 | 0 | 2200 | ८००२१ | | | | | | | |
| 12 | Plumbing Foreman | 2 | 0 | 2200 | ८००२१ | | | | | | | |
| 13 | Plumbing Helper | 10 | 0 | 1000 | ३६३७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ११ गते (24th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | जाँदा कामदारले/फर्किँदा रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 826/066/67

AP OVERSEAS PVT. LTD

Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4988574, 4988485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mofarreh Marzouq Al Harbi and Partners Co. Ltd .

पूर्व स्वीकृति मिति २०८०/०६/१२ | पूनः विज्ञापन स्वीकृति मिति २०८१/०२/०३ | LT. No. 293305 | चलानी नं. ६०२०८४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 58 | 0 | 1000 | ३५,६२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ११ गते (24th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७

WORKFORCE SERVICES PVT. LTD.

Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914

Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NamastePokhara Restaurent

पुर्व स्वीकृति मिति २०८०/०८/०८ | पुर्व स्वीकृति मिति २०८०/०८/०८ | LT. No. 295541 | चलानी नं.६०२१८८१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 1 | 1300 | ४७६८७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1500 | ५५०२४ | | | | | | | |
| 3 | waiter | 3 | 4 | 1400 | ५१३५६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ११ गते (24th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.

THE CENTER OVERSEAS CONCERN PVT.LTD

श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १४०००० | प्रति तोला - १३९३०० | प्रति तोला - १८०५ |

## उद्योग परिसंघ र इयू प्रतिनिधिबीच आर्थिक सहयोगबारे छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसंघ र युरोपेली संघका पदाधिकारीबीच द्विपक्षीय व्यापार र आर्थिक सहयोग अभिवृद्धिलगायत विषयमा छलफल भएको छ। परिसंघका पदाधिकारी र युरोपेली आयोगका उपमहानिर्देशक मिरियाम फेरान तथा नेपालका लागि युरोपेली संघ (इयू) का राजदूत भेरोनिक लोरेन्जोलगायतबीच भएको छलफलमा दुई पक्षबीच व्यापार सम्बन्ध सुदृढ गर्ने तथा नेपाली उत्पादनलाई युरोपेली बजारमा निर्यात क्षमता वृद्धि गर्ने बारेमा कुराकानी भएको थियो।

छलफल सन् २०२६ सम्ममा नेपाललाई अतिकम विकसितबाट विकासोन्मुख राष्ट्रमा स्तरउन्नोति गरेपछिको अवस्था, नेपालको उत्पादन र सूचना प्रविधि क्षेत्रको सम्भावनालगायत व्यावसायिक लाभ र आर्थिक विकासका विषमा केन्द्रित रहेको परिसंघले जनाएको छ।

छलफलमा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले नेपाल र युरोपेली संघबीचको आर्थिक र व्यावसायिक सम्बन्धका विविध आयामबारे चर्चा गर्दै नेपालको आर्थिक विकासका लागि इयूले आगामी दिनमा गर्न सक्ने सहयोगका क्षेत्रका विषयमा जानकारी गराए। उनले युरोपेली मुलुकमा सिधा हवाई उडान पुनः सञ्चालन गराउन आवश्यक सहयोग गर्न आग्रह गरे। उक्त अवसरमा नेपालका लागि इयूका राजदूत लोरेन्जोले युरोपेली संघ नेपालको आर्थिक वृद्धि र विकासको यात्रामा सहयोग गर्न प्रतिबद्ध रहेको बताए। यसप्रकार छलफलले दुवै राष्ट्रहरूबीच सहयोग र व्यापार बढाउने सम्भावनालाई उजागर गरेको उनको भनाइ थियो।

## निगमको सेवालाई थप चुस्त बनाउन पर्यटनमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले नेपाल वायु सेवा निगमको प्रतिफल देखिनेगरी इमान्दारीपूर्वक काम गर्न कर्मचारीलाई निर्देशन दिएका छन्।

नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालय अनुगमनका क्रममा उनले निगमको सेवालाई थप चुस्त र प्रभावकारी बनाउने विषयमा सबै जिम्मेवार भएर लाग्नुपर्नेमा उनले जोड दिए।

पर्यटनमन्त्री तामाङले निगमको हितमा हुने हरेक कार्यमा आफ्नो सहयोग रहने र कर्मचारीले आफ्नो दायित्व परिपालनामा सचेत रहन आग्रहसमेत गरे। 'निगमको हितमा हुने हरेक काममा म तपाईंहरूसँगै छु। तपाईंहरूले पनि आफ्नो विभाग र आफूले गर्नुपर्ने कार्यमा दत्तचित्त भएर लाग्नुहोला। ढिलासुस्ती र निगमलाई नोक्सानी हुने कुरामा सचेत रहनुहोला', उनले भने।

त्यसअवसरमा पर्यटन मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेयले निगमको प्रगतिका लागि सबै कर्मचारीले इमान्दारीपूर्वक काम गर्नुपर्ने र मन्त्रालयस्तरबाट गर्नुपर्ने कार्यमा सधैँ सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

यसैबीच मन्त्री तामाङले निगमको चालु आव २०८०/८१ को समीक्षा र आगामी आव २०८१/८२ को वार्षिक योजना तथा बजेट प्रक्षेपण बैठकको उद्घाटनसमेत गरेको निगमले जनाएको छ। बैठकमा निगमका कार्यकारी अध्यक्षलगायत नायब महाप्रबन्धक (प्रा), निगमका सम्पूर्ण विभागीय प्रमुख, निगमका दसवटै अन्तर्राष्ट्रिय स्टेशनका प्रमुख, सम्बन्धित महाशाखा तथा शाखा प्रमुख र निगममा क्रियाशील ट्रेड युनियनका अध्यक्षहरूको उपस्थिति रहेको थियो।

बैठकमा कार्यकारी अध्यक्ष अधिकारीले निगमले हालसम्म हासिल गरेका उपलब्धि र भावी योजनाबारे जानकारी गराउनुभएको थियो भने बजार व्यवस्थापन विभागका निर्देशक टंकनिधि दाहालले निगमको बजारस्थिति र बजारीकरणको अवस्थाबारे प्रस्तुतिकरण गरेका थिए। शुक्रबारसम्म चल्ने बैठकले निगमको आगामी योजना, कार्यक्रम र बजेट तयार गर्ने जनाइएको छ।

## कर्पोरेट

### सिटिजन्स बैंक र दुसित प्रिन्सेसबीच समझदारी



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र लाजिम्पाट, काठमाडौं स्थित दुसित प्रिन्सेस काठमाडौं बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले दुसित प्रिन्सेस काठमाडौंमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी रहेका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट १७ लाख ३८ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ। हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरू विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

### नबिल बैंकको सिइओमा पुनः ढुङ्गाना



**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेडद्वारा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुङ्गानालाई दोस्रो कार्यकालका लागि पुनः नियुक्त गरिएको छ। नबिल बैंकको सञ्चालक समितिको बैठकले ढुङ्गानालाई २०८१ साल असार १७ गतेदेखि लागू हुने गरी थप दुई वर्षका लागि प्रमुख कार्यकारी अधिकृत पदमा पुनः नियुक्त गरेको हो।

नेपाल राष्ट्र बैंक लगायत विभिन्न वाणिज्य बैंकको व्यवस्थापन तह तथा नेतृत्वदायी भूमिकामा रही २७ वर्ष भन्दा बढी बैंकिङ्ग क्षेत्रको अनुभव बटुलीसकेका ढुङ्गानालाई कुशल नेतृत्व र कार्यशैलीकै कारण सञ्चालक समितिले थप दुई वर्षका लागि पुनःबहाली गरेको बैंकले जनाएको छ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्र तथा बैंकिङ्ग क्षेत्रको विज्ञता तथा अनुभव समेत हासिल गरेका ढुङ्गाना देशको अर्थतन्त्रको आवश्यकता बमोजिम विषम परिस्थितिमा समेत कुशल नेतृत्वको क्षमता राख्ने प्रमुख कार्यकारी अधिकृतको रूपमा परिचित छन्। पेशाले चार्टड एकाउन्टेन्ट रहेका ढुङ्गानाको पूर्वाधार विकास तथा निर्माण परियोजना सम्बन्धी बैंकिङ्ग लगानीको क्षेत्रमा विशेष दख्खल रहेको मानिन्छ।

### लक्ष्मी सनराईज बैंकको 'शिक्षित लक्ष्मी' पहल

**काठमाडौं (प्रस)–** महिला सशक्तिकरणप्रतिको प्रतिबद्धतालाई निरन्तरता दिँदै लक्ष्मी सनराईज बैंकले 'शिक्षित लक्ष्मी' पहलको थालनी गरेको छ। बैंकले सो पहलअन्तर्गत विगतका वर्षहरूमा नारी शिक्षाको उद्देश्यलाई सक्रिय रूपमा समर्थन गर्न बैंकले गरेका विभिन्न गतिविधि र कार्यक्रमहरूलाइ एउटै छाताभित्र ल्याएको हो। यस पहलले नारी शिक्षालाई प्रोत्साहन गरी उनीहरूलाई राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सक्षम बनाउँदै समावेशी र समतामूलक समाज निर्माण गर्ने उद्देश्य राखेको छ।

यस पहल अन्तर्गत आगामी ७ वर्षमा कूल रू ३५ लाख रकम प्रदान गर्ने गरी बैंकले हालै समता एजुकेशन ट्रस्टसँग समझदारी गरेको छ। सो रकमले देशभरीका समता स्कूलमा अध्ययनरत सामाजिक र आर्थिक रूपमा विपन्न छात्राहरूले वार्षिक रूपमा छात्रवृत्ति प्राप्त गर्नेछन्। यसै गरी बैंकले आगामी ५ वर्ष सम्ममा रू १ करोडको छात्रवृत्ति कोष स्थापना गर्न काठमाडौं विश्वविद्यालयसँग सम्झौता गरेको छ। सो कोष मार्फत सोही विश्वविद्यालयबाट विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित विषयहरूमा स्नातकोत्तर वा विद्यावारिधि गर्न चाहने योग्य तथा आर्थिक रूपमा विपन्न महिलाहरूले छात्रवृत्ति प्राप्त गर्नेछन्। सो कार्यक्रम अन्तर्गत छात्रवृत्ति प्राप्त गर्ने महिलाहरूको संख्या वर्षेनी बढाउदै लगिने छ। यस छात्रवृत्ति मार्फत २०२४ ब्याचका इरादा सुवेदी (एम. इ. स्ट्रकचरल इन्जिनियरिङ्ग) र सुनेना न्याछ्यौं (एम.एससी. इ एस) हाल अध्ययनरत छन्। यस अघि पनि बैंकले नेपाल प्रहरीसँगको सहकार्यमा नेपालभरीका प्रहरी विद्यालयहरूमा अध्ययनरत योग्य छात्राहरूलाई यस्तै प्रकारको अक्षय कोष स्थापना गरी छात्रवृत्ति प्रदान गर्दै आएको छ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

### महालक्ष्मी विकास बैंकद्वारा छात्रवृत्ति वितरण

**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक लिमिटेडले शिक्षाको पँहुचबाट पिछडिएका बालबालिकाहरूलाई छात्रवृत्ति वितरणका लागि आर्थिक सहयोग प्रदान गरेको छ। 'बालबालिकालाई शिक्षित गर्नुहोस्' कार्यक्रम अन्तर्गत नेपालभर ८० वटा विद्यालय स्थापना गरी शिक्षा प्रदान गरिरहेको राउन्ड टेबल नेपाल मार्फत बैंकले करिब एक हजार विद्यार्थीहरूका लागि प्रदान गर्न लागेको उक्त छात्रवृत्ति कार्यक्रमसँग सहकार्य गर्दै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आर्थिक सहयोग गरेको हो।

काठमाडौं, धनगढी, वीरगन्ज, नेपालगन्ज, नारायणगढ, जनकपुर, बुटवल, भैरहवा गरी आठ स्थानमा सम्पन्न कार्यक्रममा सहभागि हुदै बैंकले शिक्षाको मुल धारमा आउन नसकेका, पिछडिएका तथा विभिन्न कारणले बन्दी जीवन बिताएका अभिभावकका बालबालिकाहरूलाई शिक्षाको अवसर प्रदान गर्न आवश्यक समन्वय गर्दै आईरहेको उक्त संस्थासँग मिलि एक कार्यक्रमका बिच विद्यार्थीहरूका लागि सहयोग प्रदान गरेको हो।

'सबल बैंक, सफल सहकार्य'को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रूपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस

## नेप्सेमा झिनो अंकको बृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक झिनो अंकले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक शून्य दशमलव ७९ अंकले उकालो लागेर दुई हजार १८ दशमलव ७६ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शुन्य दशमलव २७ अंकले उकालो लागेर तीन सय ५८ दशमलव ३७ मा पुगेको छ। कूल ८२ लाख ८२ हजार पाँच सय ५६ कित्ता शेयर रु चार अर्ब २३ करोड ३८ लाख १६ हजार चार सय तीन मूल्य बराबर कारोबार भएको छ।

हिमालयन लघुवित्त, जाल्पा सामुदायिक लघुवित्त, सिर्जनशील लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ। स्वाभिमान लघुवित्त नौ दशमलव ९४, सिइडिबी हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ६१ प्रतिशतले कमाएका छन्।

यस्तै माण्डु हाइड्रोपावर पाँच दशमलव ७६, पिपल्स पावर पाँच दशमलव २६, नेपाल फाइनान्स चार दशमलव १२, एभरेष्ट बैंक तीन दशमलव ९४ र लक्ष्मी उन्नति कोषका लगानीकर्ताले तीन दशमलव ९२ प्रतिशतले गुमाएका छन्।

## वीरगञ्ज सुक्खा बन्दरगाहबाट ४० अर्ब ८३ लाख राजस्व संकलन

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्जले चालु आर्थिक वर्षको १० महिनामा रु ४० अर्ब तीन करोड ८३ लाख ३८ हजार राजस्व संकलन गरेको छ।

साथै उक्त कार्यालयले आर्थिकमन्दीको कारणले बजार सुस्ताएको समयमा पनि लक्ष्यको ६० दशमलव ७२ प्रतिशत राजस्व संकलन गरेको जनाएको छ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख डा रामप्रसाद मैनालीले चालु आर्थिक वर्षमा समग्र बजार सुस्ताएकाले अपेक्षाकृत रूपमा राजस्व संकलन हुन नसकेको बताए। 'अहिले समग्र मुलुकको बजार सुस्ताएको छ', उनले भने, 'माग कम भएपछि आयात पनि स्वतः घट्ने भयो।' भन्सार विभागले कार्यालयलाई चालु आवको १० महिनाको अवधिमा रु ५४ अर्ब २७ करोड २१ लख ३५ हजार राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो भने कार्यालयले १० महिनाको अवधिमा भने रु ४० अर्ब तीन करोड संकलन गरेको छ।

प्रमुख भन्सार अधिकृत मैनालीका अनुसार सुक्खा बन्दरगाहमा सबै सामान कार्गो रेलबाट ढुवानी हुनेगरेको छ। विगतमा दैनिक तीन वटा कार्गो रेलबाट मालसमान आउने गरेकामा हाल दुई वटाबाट आउने गरेको छ। कार्गो रेलले एक पटकमा ६० वटा कन्टेनर ल्याउने गरेको छ।

भन्सार विभागले कार्यालयलाई चालु आवमा रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार राजस्व संकलन गर्ने लक्ष्य तोकिदिएको भए तापनि कार्यालयले भने चालु आवमा लक्ष्यको ७० प्रतिशतको हाराहारीमा मात्रै राजस्व संकलन हुने जनाइएको छ। प्रमुख भन्सार अधिकृत मैनालीले चालु आवमा आइरन ब्लेड र मदिराजन्य पदार्थको आयात कम भएकाले पनि राजस्व संकलनमा घटेको बताए। 'यहाँ विशेष गरी औद्योगिक कच्चा पदार्थ आयात हुने गर्छ तर विगतको तुलनमा यो वर्ष औद्योगिक कच्चापदार्थ आयात हुन भएको छैन', उनले भने, 'गर्मी याम सुरु हुँदा पनि एसी र छाताजस्ता सामानको आयात बढेको छैन, विगतमा यो सिजनमा एसी र छाताको आयात धेरै हुने गर्थ्यो यो वर्ष एसी र छाताको पनि आयात पनि बढ्न सकेको छैन।'

कार्यालयले चालु आवको साउन महिनामा रु चार अर्ब सात करोड राजस्व संकलन गऱ्यो। भदौ महिनामा रु चार अर्ब ५७ करोड र असोज महिनामा रु चार अर्ब ४६ करोड राजस्व संकलन गरेको थियो। उक्त कार्यालयले कात्तिक महिनामा रु तीन अर्ब ६३ करोड, मङ्सिर महिनामा रु चार अर्ब २८ करोड, पुस महिनामा रु तीन अर्ब ७५ करोड राजस्व संकलन गऱ्यो। कार्यालयले माघ महिनामा रु तीन अर्ब ७४ करोड, फागुन महिनामा रु तीन अर्ब ६२ करोड, चैत महिनामा चार अर्ब २८ करोड र वैशाख महिनामा रु तीन अर्ब ५८ करोड राजस्व संकलन गरेको जनाएको छ।

भन्सार विभागले कार्यालयलाई गत आवमा रु ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो तर उक्त कार्यालयले रु ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार मात्र संकलन गरेको थियो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ